# मोलुड ज्ञानप्रवाह

MF

# मोलुङ ज्ञानप्रवाह

(शिक्षाप्रधान मासिक)

**पूर्णाङ्क १, २०७८ असोज (२०२१ सेप्टेम्बर-अक्टोबर)**

प्रधान सम्पादक : प्रा.डा. भूपप्रसाद धमला
प्रबन्ध सम्पादक : राजु काफ्ले
कार्यकारी सम्पादक : डा. ढुण्डिराज पहाडी
सम्पादक : खेमराज पोखरेल, डा. धनप्रसाद सुवेदी, इन्द्रप्रसाद अधिकारी, नारायणप्रसाद होमगाई, सुरेश हाचेकाली, इन्दु अंशु, जुनु उप्रेती
चित्राङ्कन : राजेश मानन्धर
कम्प्युटर लेआउट : राजकुमार अधिकारी
सञ्चार संयोजन : सविन धमला
अतिथि सम्पादक : धीरकुमार श्रेष्ठ, विनोद दाहाल, चेतनाथ धमला

**विषय/विधागत सल्लाहकार :**
प्रा.डा. माधवप्रसाद पोखरेल (भाषा), प्रा.डा. गोविन्दराज भट्टराई (पाश्चात्य साहित्य), प्रा.डा. कुमारप्रसाद कोइराला (पूर्वीय साहित्य), डा. रमेश पोखरेल (कला), डा. लाल श्याकारेलु रापचा (संस्कृति), प्रा.डा. दीपक अर्याल (विज्ञान), प्रा.डा. प्रेमसागर चापागाई (समाज), प्रा.डा. बालचन्द्र लुइँटेल (शिक्षा), जीवनाथ धमला (सञ्चार)

**संस्थागत सल्लाहकार :**
प्रा.डा. ध्रुव घिमिरे (अध्यक्ष, बालसाहित्य समाज नेपाल), प्रा.डा. राजनप्रसाद पोखरेल (अध्यक्ष, सिर्जनशील लेखन समाज), कृष्ण बजगाई (अध्यक्ष, समकालीन साहित्य प्रतिष्ठान, बेलायत), धर्मानन्द गौतम (अध्यक्ष, अनेसास अस्टिन च्याप्टर, अमेरिका), शारदा पौडेल 'निशा' (अध्यक्ष, अनेसास स्पेन च्याप्टर)

| | |
|---|---|
| नाम | : मोलुङ ज्ञानप्रवाह |
| किसिम | : शिक्षाप्रधान मासिक |
| दर्ता | : काजिप्रका ४९२ |
| प्रकाशक | : मोलुङ फाउन्डेसन |
| सर्वाधिकार | : प्रकाशकमा |
| मुद्रक | : डीडीएम प्रिन्टर्स, कपन, काठमाडौँ |
| मूल्य | : रू १०० (एकसय) |

**सम्पर्क ठेगाना**

मोलुङ फाउन्डेसन
कोटेश्वर, काठमाडौँ
फोनः ०१४६००५९१

इमेलः molungfoundation@gmail.com

वेबसाइटः www.molung.org.np

**मोफसल सम्पर्क**

वेदीकुमार राइ (खोटाङ), कुलप्रसाद खतिवडा (ओखलढुङ्गा), अनिरूद्र सुवेदी (रामेछाप), नरेश पहाडी (सिन्धुली), उज्जन काफ्ले (मकवानपुर), दिनेश पन्थी (रूपन्देही), रामप्रसाद चौधरी (कैलाली)

# लेखन निर्देशिका

मोलुङ ज्ञानप्रवाह भाषा, साहित्य, कला, संस्कृति, विज्ञान, सामाजिक शास्त्र लगायत जीवन र जगतका विषय र विधामा लेखिएका सिर्जनात्मक तथा अनुसन्धानमूलक लेख रचनाहरू प्रकाशन गर्ने शिक्षाप्रधान मासिक पत्रिका हो । यस पत्रिकामा प्रकाशनार्थ लेख रचना पठाउनु हुने महानुभावहरूले देहायको लेखन निर्देशिका अनुसरण गर्नु हुन हार्दिक अनुरोध गर्दछौं ।

१. नेपाल राज्यको भौगोलिक अखण्डता, राष्ट्रिय अक्षुणता, धार्मिक सहिष्णुता, सांस्कृतिक मर्यादा, र सामाजिक सद्भाव खल्बलिने खालको कुनै लेख रचना प्रकाशन गरिने छैन।
२. कुनै राजनीतिक दल विशेषको वा अमुक नेताको प्रशंसा वा निन्दा गरिएको लेख रचना प्रकाशन गरिने छैन।
३. प्रकाशित लेख रचनामा अभिव्यक्त भएका विचारहरू लेखक/सर्जकका निजी अनुसन्धान वा विचारमा आधारित छन्। तिनले कुनै नकारात्मक विवाद आएमा प्रकाशक वा सम्पादक मण्डल जिम्मेवार हुने छैन।
४. यसअघि कहीँ कतै प्रकाशन नभएको वा प्रकाशनका लागि नपठाएको वा फेसबुक, ट्वीटर, इन्स्टाग्राम लगायत सामाजिक सन्जालका कुनै पनि माध्यममा सार्वजनिक नभएको मौलिक लेख रचना हुनु पर्नेछ।
५. लेखनको माध्यम भाषा नेपाली वा अङ्ग्रेजी हुनु पर्नेछ।
६. लेख रचनाहरू नेपालीमा श्रीनाथ बोल्ड वा प्रिती फन्टमा र अङ्ग्रेजीमा बुकम्यान ओल्ड स्टाइलस वा टाइम्स न्यु रोमन फन्टमा टाइप गरी विद्युतीय माध्यमबाट पठाउनु पर्नेछ ।
७. लेखकले लेख रचनाका साथ पासपोर्ट साइजको तस्बिर र आफना प्रमुख कृतिको सूचीसहित संक्षिप्त लेखक परिचय पठाउनु पर्नेछ ।
८. तोकिएको मितिभित्र प्राप्त नभएका लेख रचनाहरू त्यही महिनाको अङ्कमा प्रकाशन नगरी अर्को अङ्कका लागि सुरक्षित राखिनेछ।
९. पठाइएको लेख रचना स्वीकृत वा अस्वीकृत वा आवश्यक संशोधन हुन सक्नेछ। संशोधनको पूर्व जानकारी लेखकलाई दिइनेछ।

१०. लेखनका विषयक्षेत्रहरू मुख्यतः देहाय बमोजिम हुनेछन्ः

**(क) भाषा** : लोपोन्मुख भाषा लगायत राष्ट्रिय/अन्तरराष्ट्रिय भाषाको वैज्ञानिक अध्ययन अनुसन्धान

**(ख) साहित्य** : कथा/लघुकथा, कविता, मुक्तक, गजल, गीत, निबन्ध, समालोचना, पुस्तक समीक्षा, यात्रा संस्मरण, आत्मकथा, जीवनी, एकाङ्की नाटक , डायास्पोरा (प्रवास अनुभूति) इत्यादि ।

**(ग) कला** : गीत, संगीत, वाद्यवादन, चित्रकारिता, ललितकला, प्रस्तरकला, वास्तुकला इत्यादि ।

**(घ) संस्कृति** : लोक संस्कृति, सांस्कृतिक सम्पदा, पर्यटन, इत्यादि ।

**(ङ) विज्ञान तथा प्रविधि** : जलवायु परिवर्तन, प्राकृतिक प्रकोप, पर्यावरण इत्यादि ।

**(च) विविध** : सुशासन, विकास, पर्यावरण लगायत आर्थिक, सामाजिक, र सांस्कृतिक क्षेत्रका अन्य समसामयिक सवाल ।

# हाम्रो दृष्टिकोण

दरबारियाबाहेक कसैले औपचारिक शिक्षा हासिल गर्न नपाउने राणाशाहीको पालामा समेत अनौपचारिक माध्यमबाट नेपालमा ज्ञान प्रवाह हुँदै आएको हो भलै त्यो धार्मिक र नीति उपदेश प्रसारण गर्ने प्रकृतिको किन नहोस्। लोकतान्त्रिक आन्दोलनका माध्यमबाट जहानियाँ राणाशासन र निरङ्कुश राजतन्त्रको अन्त्य गरिएपछि थुप्रै शिक्षण संस्थाहरु खुल्दै जानाले शिक्षाको सङ्ख्यात्मक वृद्धि बेजोडसँग भएको छ ।

नेपालका शिक्षण संस्थाले गुणस्तरीय शिक्षा प्रदान नगरेको होइन तर त्यतिले पुग्दैन । बदलिइरहेको विश्व परिस्थितिमा व्यक्तिगत एवं सामाजिक जीवनका समस्या समाधान गर्न लरतरो ज्ञानका माध्यमबाट सम्भव छैन । प्रत्येक क्षणमा परिवर्तन भइरहेको हुन्छ र त्यो परिवर्तनलाई सम्बोधन गर्न नवीन ज्ञानको खाँचो हुन्छ । त्यसका निम्ति गुणस्तरीय शिक्षाको आवश्यकता हुन्छ ।

आज हामीलाई निर्धारित पाठ्यक्रममा मात्र सीमित नहुने खोजपूर्ण एवं अनुसन्धानमूलक औपचारिक शिक्षाको खाँचो छ । जीवनका हर पहलुमा नवीन ज्ञानको टड्कारो आवश्यकता छ । गाउँदेखि सहरसम्म समान स्तरको गुणस्तरीय शिक्षा चाहिएको छ । त्यति मात्र होइन अतिरिक्त पुस्तक तथा पत्रपत्रिकाका माध्यमबाट पनि अनौपचारिक शिक्षा प्रदान गर्नु परेको छ ।

उपर्युक्त आवश्यकता महसुस गरी यही २०७८ असोज महिनादेखि मोलुङ फाउन्डेसनले *मोलुङ ज्ञानप्रवाह* शीर्षकमा एक शिक्षाप्रधान मासिक पत्रिका प्रकाशन गर्न लागेको छ । यस पत्रिकामा भाषा, साहित्य, कला, संस्कृति, विज्ञान तथा सामाजिक शास्त्रका विविध विषय र विधाका लेख रचनाहरु नियमित रुपमा प्रकाशन गरिनेछ । इच्छुक लेखक/सर्जकहरुले संस्थाले निर्धारण गरेको लेखन निर्देशिकाका आधारमा निरन्तर रूपमा आफना लेखरचना पठाउनु हुन हार्दिक अनुरोध गर्दछौं ।

# लेखन सूचीक्रम

**शीर्षक** **पृष्ठ**

**कविता**

प्रा.डा. खुमनाराण पौडेल : मूल्य, ढाडको पहाड, भेटवार्ता ८

नेत्र एटम : प्रिय काली १०

गणेश राई : पुनरागमन १२

डिल्लीप्रसाद मुल्तिहान : आउँला १४

बासु गौतम : नासिन्छ विभेदले १६

डा. विप्लव ढकाल : हल्ला १८

प्रभा आचार्य : गजल २०

**कथा**

अनन्त वाग्ले : मायाको मिठाई २१

खेमराज पोखरेल: हाँसो २६

Mohan Dangaura: Recalling a Sad Event २८

Nisha Dhanla: An Unwanted Day ३२

**आलेख**

प्रा.डा. गोविन्दराज भट्टराई : डायास्पोरा : एक अस्थिर धारणाको निरन्तरता ३४

प्रा.डा. विद्यानाथ कोइराला : नेपालमा शिक्षा : गुणात्मक परिवर्तन कसरी गर्ने ४४

विनोद दाहाल : हामी प्राणी ५५

Agya Lamsal: The Ignored Reality ५८

Babita Homgai: Kids' Screen Time ६१

**अन्तरक्रिया**

प्रा.डा. सुधा त्रिपाठी ६४

***कविता***

# मूल्य

प्रा.डा. खुमनारायण पौडेल
भूगर्भशास्त्र केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर

चरा हेरिरहेछ, हेरिरहेछ
भुइँमा झरेको आफ्नो प्वाँख
त्यसलाई छाडेर जान पनि सकेको छैन
त्यसलाई लिएर पनि जान सकेको छैन
उसको दुबिधा
उड्छ, फेरि फर्किन्छ
उड्छ, फेरि फर्किन्छ
चुच्चाले उठाउन खोज्छ झरेको प्वाँख
छाड्छ – उड्छ
छाड्छ – उड्छ
अन्ततः
चुच्चाले च्यापेर प्वाँख
आफ्नो गुँडसम्म पुग्छ
प्वाँख फुस्किन्छ उसको चुच्चाबाट
फेरि अर्को प्वाँख झर्छ पखेटाबाट
एउटा प्वाँख सम्हाल्न खोज्दा
उसको अर्को प्वाँख झर्छ
जतन गर्दागर्दै
प्वाँख सम्हाल्दा सम्हाल्दै
उसको इच्छा मर्छ
बेमनले झरेका प्वाँखहरू छाडेर
आफूलाई बिर्साउन निरूद्देश्य
त्यो विदिशामा भाग्छ ।

**भेटवार्ता**

भित्रभित्रै खोत्रिएर
लहरका लातहरूले थलिएर
धोद्रे सिमलझैँ
हरक्षणको साक्षी उभिइरहेछु
समयको नदीसमक्ष
आँफैलाई ढाल्ने
एउटा आँधी पर्खिरहेछु ।

**ढाडको पहाड**

पहाडको ढाडमाथि
आफ्नो ढाडमा अर्को पहाड बोकेर
अविरल उक्लिरहेछ भरिया
भारीभित्रका खानेकुरा उसका होइनन्
भोक मार्न ऊ पानी पिउँछ
शताब्दियौँदेखिको भोक पानीले मार्दै
थाहा छैन ऊ कतिन्जेल जिउँछ ?

मोलुङ फाउन्डेसनले बहुआयामिक ज्ञानको बाहक *मोलुङ ज्ञानप्रवाह* शीर्षकको शिक्षाप्रधान मासिक पत्रिका प्रकाशन गर्न लागेको कुरा थाहा पाउदा खुसी लागेको छ। यस पत्रिकाले बालबालिका, किशोर किशोरी लगायत समग्र राष्ट्र र समाजलाई सिर्जनशील र जागरूक बनाउन उल्लेखनीय योगदान पुऱ्याउन सकोस् ।
बडादसैँ २०७८ को अवसरमा हार्दिक शुभकामना !

प्रधानाध्यापक
तथा समस्त विद्यालय परिवार
कालिका मा. वि. नेर्पा, खोटाङ

*कविता*

# प्रिय काली !



नेत्र एटम,
नेपाली केन्द्रीय विभाग, त्रिवि

आस्थाकी आधार तिमी
प्रकृतिकी पर्याधार तिमी
कत्ति घाम उदाएका छन् तिम्रो अँगालोमा
कत्ति फूल मुस्कुराएका छन् तिम्रो मुहारमा
बगरमा गुनगुनाउँदै गीतहरू
कत्ति खोले उम्लेको छ तिम्रै चुच्चे चम्कामा
कत्ति क्रोध सनसनाएको छ
रिट्ठाका गेडाजस्ता तिम्रै गहिरा आँखामा
टेथिस सागरमा उत्रिएका
कत्ति अवशेषका अर्थहरू छापिएका छन्
तिम्रै श्यामशिलाका गर्भमा
सबै-सबैलाई हुर्काएर जलाधारको पाठेघरमा
सबै-सबैलाई गतिशील बनाएर बतासको गोरेटोमा
जीवन्त रगतझैँ बगिरहिछ्यौ हामीभित्र
सास लिइरहेछौँ हामी तिम्रै सुवास
राक्षसी सुनको लट्ठीले छोएर
लाटो पारिएको तिम्रो अस्तित्वको ऊर्जालाई जोगाउन
पत्ता लगाउनु छ स्वार्थको काल
अनि फोड्नु छ पुँजीवादको स्फटिक खम्बा
अनि मुट्ठीमा कैद गर्नु छ तिनको निर्देशनमा
भुनभुनाएर फुत्त भाग्ने दलाल भमरोझैँ
कालो कर्तुतका साक्षीहरूलाई
र तिम्रो पानीको धारलाई

मानेर दधीचिको हाडजस्तै कठोर हतियार
उभिइरहेछौँ हामी निरन्तर लामबद्ध
सुकाउन ठिक पारिएको
प्रवाहशील तिम्रो छातीमा चिसै लुगासित,
अँजुलीभरि आँसुको सङ्कल्प
नीलकण्ठझैँ तयार भएका छौँ
पिउन सत्ताको हलाहल
प्रिय काली !

मोलुङ फाउन्डेसनले बहुआयामिक ज्ञानको बाहकको रूपमा *मोलुङ ज्ञानप्रवाह* शीर्षकको शिक्षाप्रधान मासिक पत्रिका प्रकाशन गर्न लागेकोमा थाहा पाउदा अत्यन्त खुसी लागेको छ । यस पत्रिकाले अनौपचारिक शिक्षाका माध्यमबाट बालबालिका, किशोर किशोरी तथा युवालाई सिर्जनशील र सचेत बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याउन सकोस् ।

बडादसैँ २०७८ को अवसरमा हार्दिक मंगलमय शुभकामना !

प्रधानाध्यापक
तथा समस्त विद्यालय परिवार
जालपा मा. वि. जालपा, खोटाङ

*कविता*

# पुनरागमन

गणेश राई

डागेनहाम, बेलायत

सायदै वाचा गरेको थिएँ मैले छुट्ने समय
कि 'वी विल मिट अगेन' भनेर
न त तिमीले नै बिदाइको घडी
'वी विल मिट अगेन सम् सनि डे' भनेकी थियौ
प्रतिज्ञा नगरे पनि तिमीले या वाचा नबाँधे पनि मैले
म आएँ लालबुक अक्षरहरू हिँड्दै हिँड्दै तिम्रो देश
जसले मेरो नाउँ राखेको थियो गोर्खा सिपाही

तनको भन्दा मनको अति सुन्दरी भेरा लिन
गाउँदा गाउँदै युद्धमैदानमा सिपाहीका मन पगाल्ने गीत
दिलको रानी आवाजकी धनी भेराको गुलाबजस्तो मुस्कान
सिपाहीका धड्कनधड्कनमा खिँलिएर कहाँ मात्र पुगेन
कोकिल कण्ठको हतियार भिरेर
युद्धको भुमरीमा पनि सिपाहीको आत्मबल उकास्ने भेरालाई
सोध्नु थियो मैले उनैलाई भेटेर
किन तिमीले मेरो हृदयको धड्कन सुटुक्क चोऱ्यौ भनी
त्यही प्रश्नले लतार्दैलतार्दै ल्याएको हुनुपर्छ मलाई इस्टहाम
जहाँ भेराले जीवनको पहिलो सङ्गीत रोएकी थिइन्

तोपका मोहराबाट छुटेका क्रोधका गोलाहरू
राइफलले हानेका रिसका आवेगहरू
चिलझैं बेग हान्ने फाइटरले ओकलेका बमका चोइटाहरू
सब खण्डहर, सब भग्नावशेष
छियाछिया बनेको आमाको छातीको अनन्त भण्डारबाट
लन्डनको इस्ट एन्डमा उबिजयो 'पाई एन्ड मास'
त्यही स्थानीयपोषणको तागतले चम्किए स्थानीय प्रतिभा
अल्फ राम्जे, बब्बी मोर, मार्टिन पिटर आदिआदि

जसले पोते इङ्गल्यान्डको अनुहारभरि विजयको रङ

ब्रिटानियाको नाभि लन्डनको पूर्वी खण्ड 'इस्ट एन्ड'
जहाँ आइपुगेको छु म चोमोलुङमा बोकेर
भेरा लिन यतै कतै सुस्ताइरहेकी होलिन्
उपहार दिनु छ उनलाई मसँगै आएको नेपाली मन
सँगै आएको छ मसित चन्द्रसूर्य झन्डा
छुटेका छैनन् धड्कनबाट राष्ट्रिय गान, बुद्ध र लिप्चिङबुङ
आएका छन्–दशैंको जमरा अनि तिहारको मखमली फूलका थुँगा
रोप्नुछ मैले भेराको सङ्गीतको लयमा आमाको आशीर्वाद र चेलीको माया
हुर्काउनु छ नयाँ पुस्तामा नेपालीपन ब्रिटानिया आँगनमा

'लाहुरेको रेलिमाई फेसनै राम्रो' गाउने पुस्ताको खुकुरीको इतिहास
या 'यो मन त मेरो नेपाली हो' भन्दै भाग्यको खोजीमा
दुखाइको सारङ्गी रेट्दै परदेसिएका युवापुस्ताका सपना
उन्नु छ हृदयभरिभरि नौरङ्गी 'सयौं थुँगा फूलका माला'
आफू आश्रित धरतीको सम्मानमा
गाउनु पनि छ 'गड सेभ द क्विन'
उभिनु छ बिगबेनको हाराहारी फक्ताङलुङ उचाइ
उमारेर छातीमा सद्भावको आत्मा
जोडिनु छ नेपाली हृदय लन्डन ब्रिज
फैलाउनु छ अनन्त अनन्तसम्म
वीरता र बलिदानबाट आरम्भित
ब्रिटेन र नेपालको सुमधुर सम्बन्ध,
भेरा म आएँ तिम्रो आँगनमा फेरि पनि
जहाँ तिम्रो सुरिलो स्वरको ध्वनिले
मलाई युद्धमोर्चाको सम्झना दिलाउँछ ।

***कविता***



# आउँला

डिल्लीप्रसाद मूलतिहुन
ओखलढुङ्गा

अवश्य जन्मभूमिमा, सुवास छर्न आउँला
मिलेर बोट पुष्पका, बढाउँला फुलाउँला
सबै जुटेर लाग्दछौं, तुरून्त गोड मेलमा
दिनै हुँदैन सिर्जना, बगेर जान भेलमा । १ ।

बसिन्छ दूरमा, कतै रहन्छ चित्त गाउँमा
खपिन्छ कष्ट जिन्दगी, समेत हुन्छ दाउमा
नयाँ लिएर योजना, अवस्य गाउँ आउँला
समेटिदैछ कोपिला, बढाउँला फुलाउँला । २ ।

सुगन्ध भर्न खोज्दछौँ, हरेक बोटबोटमा
चुमेर हेर है तिमी, सुवास हुन्छ ओठमा
विशाल पुष्प वृक्ष छन्, सँगै सुगन्ध दायक
हरेक बोट छन् युगौं, मिलेर पुज्न लायक । ३ ।

पवित्र जन्मभूमिको, जहाँ गरिन्छ वन्दना
युगौं मुसुक्क हाँस्ने छन्, त्यहा बसेर सिर्जना
हलो कुटो चलाउँला, मुसुक्क हाँस्दछिन् धरा
प्रसन्न देख्न पाइयोस्, तिनै कुना र कन्दरा । ४ ।

नसोच बिर्सिए भनी, सकिन्न चट्ट बिर्सन
हुँदैन प्रेम दूरमा ,चसक्क दुख्छ यो मन
अनन्त प्रेमको घडा, लिएर गाउँ आउँला
अझै बुनेर सिर्जना, हराभरा गराउँला । ५ ।

मोलुङ फाउन्डेसनले बहुआयामिक ज्ञानको बाहकको रूपमा *मोलुङ ज्ञानप्रवाह* शीर्षकको शिक्षाप्रधान मासिक पत्रिका प्रकाशन गर्न लागेको कुरा थाहा पाउँदा धेरै खुसी लागेको छ । यस पत्रिकाले बालबालिका, किशोर किशोरीलगायत आम नेपाली तथा समग्र राष्ट्र र समाजलाई सिर्जनशील र जागरूक बनाउन उल्लेखनीय योगदान पुऱ्याउन सकोस् ।

बडादसैं २०७८ को पावन अवसरमा मङ्गलमय शुभकामना !

प्रधानाध्यापक
तथा समस्त विद्यालय परिवार
सरस्वती मा. वि., बुङनाम, ओखलढुङ्गा

मोलुङ फाउन्डेसनले बहुआयामिक ज्ञानको बाहकको रूपमा ***मोलुङ ज्ञानप्रवाह*** शीर्षकको शिक्षाप्रधान मासिक पत्रिका प्रकाशन गर्न लागेकोमा धेरै खुसी लागेको छ । यस पत्रिकाले बालबालिका, किशोर किशोरीलगायत देशविदेशमा रहेका तमाम नेपाली समाजलाई सिर्जनशील र सचेत बनाउँदै राष्टको सर्वागीण विकासमा उल्लेखनीय योगदान पुऱ्याउन सकोस् ।

बडादसैं २०७८ को अवसरमा हार्दिक शुभकामना !

प्रधानाध्यापक
तथा समस्त विद्यालय परिवार
वरूणेश्वर मा. वि. रामपुर, ओखलढुङ्गा

*कविता*

# नासिन्छ विभेदले

बासु गौतम
पोकली, ओखलढुङ्गा



`

खोज्दै सार्थक जिन्दगी प्रगतिका जोड्यो अनेकौं कडी
टेक्यो मङ्गल चन्द्र बुद्धि बलले थाकेन मान्छे कति !
जोड्यो भौतिक वस्तु लाख गतिला ऐयासका बेसरी
लेख्यो वेदसँगै विशिष्ट रसिला ठेली हजारौं थरि । १ ।

सारा विश्व तमाम सृष्टि रचना एक्लै कजाएपछि
आशातीत अनेक प्राप्ति सुखका उन्माद चर्क्यो अनि
मान्छेमा अति तुच्छ स्वार्थ चुलियो लाग्यो नशा दम्भको
उल्र्यो आपसमा विभेद गहिरो बन्धुत्व फिक्का भयो । २ ।

बाझ्दा स्वार्थ निकृष्ट युद्ध रचिए मान्छे करोडौं मरे
मौलायो अझ तिक्तता मनुजमा खस्क्यो दया प्रेम हे !
भाषा संस्कृति धर्म जात अथवा भूगोलको नाममा
हुर्क्यो मानिसमा विखण्डनसँगै गम्भीर दुर्भावना । ३ ।

आआफ्नो समुदाय वर्ग हितको आडम्बरी सोचमा
ज्यादै घातक वैरभाव चुलिँदो देखिन्छ संसारमा ।
काटाकाट हुँदैछ भाइबिच नै आत्मीयता रूग्ण छ
बढ्दो वैभव होड शान्ति पथको बन्दैछ त्यो बाधक । ४ ।

छैनन् मानिस ढुक्क निर्भय कतै सन्तुष्ट आनन्दित
बाँच्दैछन् अति नै भयातुर हुँदै आक्रान्त आन्दोलित ।
फुट्दा रङ्ग र जात वर्ग तहमा बढ्दै गयो त्रासदी
सग्लो छैन जिजीविषा कहरका आँधी हुरीमा परी । ५ ।

मान्छे आपसमा विभक्त भइँदा के हुन्छ भोग्यौँ सबै
निम्त्यायो कटुता विखण्डित हुँदा आफैँ पराई कठै !
मान्छेको अति स्वार्थ घातक भयो संवृद्धिका खातिर
धब्बा लैङ्गिक भेद रङ्ग अझ त्यो जातीयता भो खिल । ६ ।

मान्छेमा समभावको जतनले सक्दो जगेर्ना गरे
जाग्दो हो समता हरेक मनमा दुर्भाव मेट्दै गए ।
छाडी तुच्छ विभेद मानव सबै सौहार्दतामा जुटौँ
मौलाओस् 'सह नौ भुनक्तु' मनमा विश्वास बोकी उठौँ । ७ ।

मोलुङ फाउन्डेसनले यही महिनादेखि बहुआयामिक ज्ञानको बाहक ***मोलुङ ज्ञानप्रवाह*** शीर्षकको शिक्षाप्रधान मासिक पत्रिका प्रकाशन गर्न लागेको थाहा पाएर हर्षित छौँ । यस पत्रिकाले बालबालिका, किशोर किशोरी, युवालगायत समग्र राष्ट्र र समाजलाई सिर्जनशील र सचेत बनाउन सकोस् ।

बडादसैँ २०७८ को पावन अवसरमा हार्दिक मङ्गलमय शुभकामना !

प्रधानाध्यापक
तथा समस्त विद्यालय परिवार
ग्रामोदय युगकवि सिद्धिचरण मा. वि. गाम्नाङ, ओखलढुङ्गा

*कविता*



# हल्ला

डा. विप्लव ढकाल

कक्षाकोठाभरि हल्ला छ
किन पढ्दैनन् नानीहरू ?

म इतिहास पढाउन खोज्छु,
उनीहरू
जङ्गली चरा जस्तै हल्ला गर्छन् !

म गणित पढाउन खोज्छु,
उनीहरू
पहाडी खोला जस्तै हल्ला गर्छन् !

म भाषा पढाउन खोज्छु,
उनीहरू
भाषा नै लाटो हुने गरी हल्ला गर्छन् !

म 'हल्ला नगर' भन्छु
उनीहरू फेरि हल्ला गर्छन् !

सायद
म बाँचेको समयमा नै
कुनै गम्भीर त्रुटि हुनुपर्छ !
नत्र यो हल्ला
कसरी 'हल्ला' हो र ?

यो हल्ला–

आफैमा एउटा विचार हो !
यो हल्ला -
आफैमा एउटा जीवन हो !
र यो हल्ला -
आफैमा एउटा सपना हो !

नानीहरू !
म पनि अब
तिमीहरूसँगै बसेर हल्ला गर्छु !

मोलुङ फाउन्डेसनले बहुआयामिक ज्ञानको बाहक *मोलुङ ज्ञानप्रवाह* शीर्षकको शिक्षाप्रधान मासिक पत्रिका प्रकाशन गर्न लागेकोमा खुसी लागेको छ । यस पत्रिकाले बालबालिका, किशोर किशोरीलगायत समग्र राष्ट्र र समाजलाई सिर्जनशील र जागरूक बनाउन सकोस् । बडादसैं २०७८ को अवसरमा मङ्गलमय शुभकामना !

प्रधानाध्यापक
तथा समस्त विद्यालय परिवार
हिमगङ्गा मा. वि. साँघुटार, रामेछाप

मोलुङ फाउन्डेसनले बहुआयामिक ज्ञानको बाहकको रूपमा *मोलुङ ज्ञानप्रवाह* शीर्षकको शिक्षाप्रधान मासिक पत्रिका प्रकाशन गर्न लागेकोमा खुसी लागेको छ । यस पत्रिकाले बालबालिका, किशोर किशोरीलगायत आम नेपालीलाई सीर्जनशील बनाउन सकोस् । बडादसैं २०७८ को अवसरमा हार्दिक शुभकामना !

प्रधानाध्यापक
तथा समस्त विद्यालय परिवार
अरूणोदय मा. वि सैपुफेदी, रामेछाप

*गजल*

# अनुत्तरित . . .

आचार्य प्रभा

अनुत्तरित प्रश्नहरू गड्न थाले मनमा
पीडादायी चोटहरू बढ्न थाले मनमा ।

सङ्कटको पराकाष्ठा यतिसम्म नाघ्यो कि
स्वच्छन्द भावहरू सड्न थाले मनमा ।

उत्साह र उमङ्गको तृष्णा बोक्दै हिँड्दैथ्यौँ
निराशाको ज्वाला रन्की डढ्न थाले मनमा ।

उचालेर कुटो ज्यावल खेत पस्ने किसानको
उदासीका पर्खालहरू ठड्न थाल्यो मनमा ।

सद्भावना बाँड्छु भनी बाँचेका यी मानिसको
क्रूरताको पारो अब चढ्न थाल्यो मनमा ।

मोलुङ फाउन्डेसनले बहुआयामिक ज्ञानको बाहक *मोलुङ ज्ञानप्रवाह* शीर्षकको शिक्षाप्रधान मासिक पत्रिका प्रकाशन गर्न लागेको कुरा थाहा पाउँदा खुसी लागेको छ । यस पत्रिकाले बालबालिका, किशोर किशोरीलगायत देशविदेशमा रहेका आम नेपाली तथा समग्र समाजलाई सीर्जनशील र जागरूक बनाउन उल्लेखनीय योगदान पुऱ्याउन सकोस्।

बडादसैँ २०७८ को अवसरमा मङ्गलमय शुभकामना !

प्रधानाध्यापक
तथा समस्त विद्यालय परिवार
सुनकोशी मा. वि. सोखुबेंसी, सिन्धुली

*कथा*



# मायाको मिठाई

अनन्त वाग्ले

मलाई मेरा हजुरबाका हात औधी मन पर्छन् । हुन त, उहाँका हातमा धेरैजसो कालो लत्पतिएको हुन्छ । औँला फुटेका र खस्रा छन् । तैपनि उनका हात मलाई राम्रा लाग्छन् किनभने यस संसारमा मलाई सबैभन्दा बढी माया गर्ने हजुरबाका हात हुन् यी । फेरि हजुरबाका हातमा कति बिघ्न कला छ, उहाँले बनाएका छालाका जुत्ता सहरका मान्छेले खुब मन पराउँछन् । मेरा हजुरबालाई सबैले मग्रातीबाजे भन्छन् ।

"मग्रातीबाजेले बनाएका जुत्ता" भनेपछि कसैले पनि कुनै खोट लगाउन सक्दैनन् । चिटिक्क बान्की, छरिता र ऐनामा जस्तै अनुहार देखिने गरी पालिस चम्काइएका जुत्तालाई कसले नराम्रो भन्ने !

"हजुरबा ! तपाईं सबैलाई नयाँ नयाँ जुत्ता बनाइदिनुहुन्छ, आफूचाहिँ पुरानो लाउनुहुन्छ ?" एक दिन मैले उहाँका पुराना जुत्ता हेर्दै सोधेँ ।

मुसुमुसु हाँस्तै एकछिन् मलाई हेर्नुभयो र भन्नुभयो, "अरूका लागि जुत्ता बनाउँदैमा दिन जान्छ, के गर्ने बाबु !" त्यसपछि म चुप लागेँ ।

बुबा कामका लागि मलेसिया जानुभएपछि "यो नाति मलाई साथी, यसलाई म उतै लगेर राख्छु," भन्दै मलाई हजुरबाले सहर ल्याउनुभयो । म सहर आएपछि हजुरबा धेरै खुसी हुनुभयो । म स्कुल जान्छु, खाना मै पकाउँछु र हजुरबाका काममा पनि अलिअलि सघाउँछु ।

"नातिसँगै भएपछि त मैले धेरै काम भ्याउन थालेको छु", हजुरबा भन्नुहुन्थ्यो, "फेरि उता छोरालाई चिठीपत्र पठाउन पनि सजिलो भएको छ ।"

सहर आएपछि सुरूमा त मलाई कस्तो कस्तो लागेथ्यो, तर अब त यहाँ पनि रमाइलो लाग्न थालेको छ । आफूलाई माया गर्नेहरू पनि पाउन थालेको छु ।

हाम्रो पसल सहरको एउटा साँघुरो र व्यस्त गल्लीमा छ । पसलको एउटा कुनामा हाम्रो खाट छ । खाट नजिकैको चोयाको ऱ्याकमा मेरा किताब कापी छन् । त्यहीँ स्टोभ, डेक्ची र थाल कचौरा छन् । खाने सुत्ने ठाउँ र पसलबिच एउटा पातलो पर्दा छ ।

जाडोको एक दिन, चिसो हावा बगिरहेको थियो । स्कुलबाट फर्केपछि म रोटी खाँदै थिएँ । उता हजुरबा भने जाडोको पर्वाहै नगरेर जुत्ता बनाइरहनुभएको थियो । त्यसैबेला छिमेकका मेरा साथी सुदर्शनले मलाई बोलायो । म रोटी टोक्दै चोकमा पुगेँ । सुदर्शन घरभेटीको भतिजसँग टेबलटेनिस खेल्दै थियो । म पनि उनीहरूसँग खेलेँ । त्यसपछि हामी हातमुख धुन भनी इनारतिर गयौँ । सुदर्शनकी आमा इनारबाट पानी भरिसकेर घरतिर लाग्नुभयो ।

सुदर्शनले पानी तान्दै भन्यो, "अहो, कस्तो गाह्रो ! बाल्टिनले नै तान्ला जस्तो ।"

"खै खै, म पनि पानी तानी हेरौँ ।" मैले बाल्टिनको डोरी समात्न मात्र के खोजेथेँ, हातको रोटी इनारमा खस्यो । खेल्दाखेल्दै मैले रोटी खानै बिर्सेको कुरा रोटी खसेपछि पो थाहा भयो । मलाई के गरूँ कसो गरूँ भयो । सुदर्शन र मैले रोटीको टुक्रा बाल्टिनमा पारेर निकाल्न धेरै पल्ट प्रयास गऱ्यौँ तर सकेनौँ ।

त्यही बेला घरभेटी काकी आइन् । इनारलाई छोपेर बसेका हामीहरूलाई देखेपछि उनले, "के भयो केटाकेटी हो, तिमीहरू इनारमा किन चलिरहेको, ल भाग भाग" भनिन् ।

"रोटीको टुक्रा खस्यो" सुदर्शनले बिस्तारै भन्यो, "निकाल्न खोजेको आउँदै आएन !"

"हँ, के रे ?कसले खसालेको ?" काकीले रिसाउँदै सोधिन्, "अब इनार बिटुलिएन त ! लौ अब के गर्ने !"

काकीले हामीलाई पिट्न लठ्ठी टिपिन् । म दगुरेर पसलभित्र पसेँ र हजुरबासँग बसेँ ।

"किन स्वाँ स्वाँ गरेको ?" हजुरबाले सोध्नुभयो । म केही नबोली बसेँ । सुदर्शन पनि घरभित्र छिरिसकेको थियो । काकी भने कराइरहेको

सुनिन्थ्यो । उनी आफ्नो भतिजसँग सोध्दै थिइन्, "भन् रोटी कसको ? कसले खसालेको ?" काकीको स्वर झन् झन् ठुलो सुनियो ।

त्यसपछि एकछिन सामसुमजस्तो भयो । मैले लामो सास तानेँ । फेरि एकैपल्ट काकीको चर्को स्वर सुनियो, "लौ, जे नहुनु थियो, त्यै भएछ, सुन्नुभो ? मग्रातीबुढाको नातिले इनार मात्र छोएको हो र, आफैँले खाइरहेको रोटी खसालेर सत्यानासै गरिसकेछ ! कसरी चुप लागेर बस्ने ? लौ न, के गर्ने ?"

काकी रूँ रूँ जस्तो गरी कराइरहेकी थिइन् भने मलाई कहाँ भागूँ, कता गएर लुकूँ भइरहेको थियो । तर भागेर कहाँ जाने ! हजुरबा भने जुत्तालाई दुई खुट्टामा च्यापेर एकनासले सिउँदै हुनुहुन्थ्यो ।

एकै छिनपछि सुदर्शनका घरभेटी काका रिसले उफ्रुँजस्तो गरी कराउँदै हाम्रो पसलअगाडि आइपुगे । त्यसपछि उनले हजुरबालाई पिटुँला - पिटुँलाझैँ गरी लम्कीझम्की गरे । मेरो जिउ थरथर काँपिरहेको थियो । काकी पनि आइन् । उनी हाम्रो पसलका सामान टिप्दै भकाभक बाहिर फाल्न पो थालिन् ।

हजुरबा एकछिन त अवाक् हुनुभयो । त्यसपछि बिस्तारै, "नानी, यो के गरेको ?" भन्दै सोध्नुभयो । जवाफ दिनु कता कता उल्टै, "मुखमुखै लाग्छस् तँ, तेरो नातिले इनार सखाप पार्‍यो । यिनलाई टोलमै राख्न हुन्नथ्यो !" भन्दै चिच्च्याउँदै र फन्फनाउँदै काकीले मेरा किताब अनि भाँडाकुँडा पनि बाटामा फाल्दिइन् ।

त्यसपछि हजुरबाले ठुलै स्वरमा भन्नुभयो, "के गरेको नानी ? के भयो, भन पहिले, यही हो न्याय !" त्यस्तो अचाक्ली गर्दिंदा पनि त्यहाँ तिनीहरूलाई रोक्ने, छेक्ने कोही नहुँदा हजुरबाले सुइय.. सुस्केरा हाल्नुभयो ।

केही मिनेटपछि बाटो हिँड्ने बटुवा र टोलछिमेकका नवजवान जम्मा हुँदै हाम्रो दुर्दशा हेर्न थाले । उनीहरू चुँसम्म नगरी काका र काकीको गाली सुनिरहेका थिए ।

काका र काकी कराउँदै थिए, "लौ, यहीँ बस्यो, बस्न दियौँ, तर ठाउँ छोड्न त भएन नि । आफ्नो जातको पनि त हेक्का हुनुपर्छ नि । के गर्ने

भन्नोस्, यहाँहरूले पनि यसो गर भन्नोस् त । पानी नचल्ने जातले छोएपछि, इनारको पानी अब के गर्ने ? इनार बिटुल्याउने यिनलाई के गर्ने ?"

एक्कासि अँध्यारो आकाशमा बिजुली चम्केझैँ कसैको बोली सुनियो, "हेर्नुस् काकी, हामी तपाईंको कुरा सुन्दै थियौँ । जम्मै नभए पनि अलिअलि बुझ्यौँ । तपाईलाई हामी आदर गर्छौँ तर तपाईंबाट गर्न नहुने कुरा गरिनु भएन । बोल्न नहुने कुरा बोलिनु भएन । हामी मान्छे-मान्छे उही हुन् भन्छौँ तर व्यवहारमा उल्टो गर्छौँ । हो, इनार फोहोर गर्नु हुँदैन, खाँदै गरेको रोटी खस्नु, खसाल्नु राम्रो होइन तर इनार छोएकैले बिटुलो भयो भन्ने हामी मान्दैनौँ । हेर्नोस्, हामी त उहाँलाई मग्रातीबाजे भन्छौँ, आदर राख्छौँ किनभने उहाँले कसैलाई नराम्रो गर्नुभएको थाहा छैन । हामी तपाईंहरूलाई पनि आदर गर्छौं तर हामीले आदर राखेका मानिस आदरणीय हुनुपर्छ । कसैले कसैको मन दुखाउने कुरा गर्नुभएन ।"

सबैले चुप लागेर "हो, हो !" भन्दै टाउको हल्लाएर सुनिरहे ।

अर्को एकजना पाका मान्छेले भने, "हेर्नुस् मलाई धेरै कुरा थाहा छैन, म एउटै कुरा भन्छु, राम्रो मान्छेले आफ्नो चित्त दुख्ने कुरा कसैबाट नहोस् भनी चाहेजस्तै ऊ आफैँले पनि त्यस्तो कुरा अरूमा कहिल्यै गर्दैन । मेरो बिचारमा बिनासित्ति अरूको चित्त दुखाई हिँड्ने मान्छेचाहिँ पानी नचल्नेमा पर्छ । कसो ?" सबैले नारा लगाएजस्तै गरेर एकै स्वरमा "हो !" भन्दा सिङ्गो टोल नै गुन्जियो ।

यो सबै देखिरहनुभएका हजुरबाले लुगाको फेरोले आफ्नो आँखा पुछ्नुभयो र झन्डै हजुरबासँगै टाँसिएर बसिरहेको म कहिले कराइरहेको हूल त कहिले आँसु पुछिरहेका हजुरबालाई हेरिरहेको थिएँ । "काका र काकी दुबैले मग्रातीबाजेको चित्त दुखाउने काम गर्नुभयो, यो राम्रो होइन, अब उहाँहरू आफैँले मग्रातीबाजेसँग माफी माग्नुभएन भने हामी उहाँहरूलाई इनार छुन दिदैनौँ र हामी उहाँका हातबाट कहिल्यै पानी खाने छैनौँ, हुन्छ ?" एकजना अधबैँसेले ठुलो स्वरमा भने । यसपल्ट पनि, "हुन्छ !" भनी सबैले बोलेको आवाज गुन्जियो ।

एकजना अग्ला र चम्किला आँखा भएका पाका मान्छेले फ्याँकिदिएका सामान बटुल्दै पसलभित्र राखिसकेपछि काका र काकी दुवैलाई भने, "केटोकटीले इनार फोहोर पारे भन्ने कुरामा तिनले फोहोर पार्छु भनेर त्यसो गर्न पुगेकै होइनन् । मग्रातीबाजेको झन् कुनै दोषै छैन । अब तपाईंहरूले नै आफ्नो तर्फबाट नहुनुपर्ने कुरा भएकामा आफैं अघि सरेर सुधार्नु राम्रो हुन्छ..।"

लगत्तै काका-काकी दुवैले सबैसँग हात जोडेर अनुरोध गरे, "यसमा हामी दोषी हौं, हामीले गर्नै नहुने कुरा गऱ्यौं। कृपया हामीलाई माफी दिनोस्।"

मग्रातीबाजेको पसल अगाडिकै छिमेकीले त्यसैबेला किस्तीभरि मिठाई ल्याएर म र हजुरबाका अगाडि राखे । हामीले एक एक ओटा लियौं । त्यसपछि काका र काकीलाई पनि लिन लगाए । अरूले पनि लिए । त्यो मिठाई मेलमिलापको थियो । काका-काकीलाई त्यो मिठाई कस्तो लाग्यो होला म भन्न सक्तिनँ, तर मैले सबैबाट पाएको मायाको साँचो स्वाद त्यसमा अनुभव गरेँ । म केही बोल्न सकिरहेको थिइनँ । मेरा साथी सुदर्शनचाहिँ पिरोलिएको अनुहार लिएर झ्यालमा उभिइरहेका थिए ।

मोलुङ फाउन्डेसनले बहुआयामिक ज्ञानको बाहकको रूपमा *मोलुङ ज्ञानप्रवाह* शीर्षकको शिक्षाप्रधान मासिक पत्रिका प्रकाशन गर्न लागेको कुरा थाहा पाउँदा खुसी लागेको छ । यस पत्रिकाले बालबालिका, किशोर किशोरीलगायत समग्र राष्ट्र र समाजलाई सिर्जनशील र जागरूक बनाउन उल्लेखनीय योगदान पुऱ्याउन सकोस् ।
बडादसैँ २०७८ को पावन अवसरमा हार्दिक मङ्गलमय शुभकामना !

प्रधानाध्यापक
तथा समस्त विद्यालय परिवार
फिक्कल मा. वि. सोलपा, सिन्धुली

*लघुकथा*



# हाँसो

खेमराज पोखरेल
सान मार्कोस, अमेरिका

आम्दानी र हैसियत राम्रै थियो मेरो । तर म आफ्नै हेसियतसँग खुसी थिइनँ । बिहानै उठेँ । पालेलाई मेरो गाडी पुछिदिन भनेँ ।
त्यसैबेला बुबाले भन्नुभयो - काम काम भनेर मर्लास् । आफ्नो ज्यानको पनि ख्याल राख्नु पर्छ ।
आमाले थप्नुभयो - बाबु, बेलामा खानपीनको पनि विचार गर्नुपर्छ ।
गाडी स्टार्ट गर्न नै आँटेको थिएँ । श्रीमतीले भनिन् - माइतमा पुराण लाग्दै छ । कति पुराना गहना लगाएर जानू । आउँदा एकसेट गहना ल्याइदिस्येला ।
छोरो बाहिर निस्केर भन्यो - ड्याड, आफू गाडी चढेर बिहानै हिँड्यो । राति अबेर आयो । भै गयो । हाम्रो त भ्यालु छ र ? कति यो हिरोहोन्डा मोटरसाइकल हाँक्नु ? एउटा बुलेट मोटरसाइकल किनिदिनु भनेको, सुन्नु भएको होइन ।
छोरीले पनि यही बेला थपी - मलाई एउटा राम्रो ब्रान्डेड स्कुटी किनिदिने भनेको आज होइन, तर किनिदिएको भए पो । भो म भोलिदेखि त्यो खटारा स्कुटी चलाएर कलेज जान्न ।
यी कुरा उसले दिनहुँ फरकफरक धार र कोणबाट सुनेकै कुरा हो । सुरुसुरुमा त यी कुराले केही फरक पर्दैनथ्यो, अचेल भने ऊ विदीर्ण हुन थालेको छ । त्यसो त ऊ रक्सी खाएका बेला हाँसेको भए हाँस्यो होला । नत्र उन्मुक्त नहाँसेको युग बितिसक्यो ।
गाडी हाँकेर सडकमा निस्क्यो । बाटोमा एउटा मन्दिर थियो । मन्दिर पस्ने ढोकैमा एउटी बुढिया एउटा बालखलाई काखमा लिएर खेलाउँदै हाँस्दै थिइन् । हाँस्ता उनका मुखमा बाँकी रहेका एकाध दाँत गिजासहित

हाँस्थे । ऊ यसरी हाँस्दै थिई मानौ कि संसारको सबै हाँसो उसैमा केन्द्रीकृत भएको छ । उसको यो हाँसो देखेर म अचम्ममा परेँ । यस्तो गरिबीमा पनि कसरी हाँस्न सक्छ मान्छे । मैले उसलाई सोधेँ -दिदी, कसरी यति मिठो हाँस्न सक्नुहुन्छ ।

उनले मलाई तलदेखि माथिसम्म नियालेर हेरिन् । अनि झन् हाँस्तै जबाफ फर्काइन् - सा'ब, मसँग हाँसो छ, सम्पत्ति छैन । तपाईँसँग सम्पत्ति छ हाँसो छैन । मलाई सम्पत्ति दिनुस्, र हाँसो लैजानुस् ।

मोलुङ फाउन्डेसनले बहुआयामिक ज्ञानको बाहकको रूपमा *मोलुङ ज्ञानप्रवाह* शीर्षकको शिक्षाप्रधान मासिक पत्रिका प्रकाशन गर्न लागेको कुरा थाहा पाउँदा खुसी लागेको छ । यस पत्रिकाले बालबालिका, किशोर किशोरीलगायत आम नेपाली तथा समग्र राष्ट्र र समाजलाई सिर्जनशील र जागरूक बनाउन उल्लेखनीय योगदान पुऱ्याउन सकोस् ।
बडा दशैं २०७८ को पावन अवसरमा हार्दिक मंगलमय शुभकामना !

प्राचार्य
तथा समस्त विद्यालय परिवार परिवार
अंकुर विद्याश्रम बानेश्वर, काठमाडौँ

मोलुङ फाउन्डेसनले बहुआयामिक ज्ञानको बाहकको रूपमा *मोलुङ ज्ञानप्रवाह* शीर्षकको शिक्षाप्रधान मासिक पत्रिका प्रकाशन गर्न लागेको कुरा थाहा पाउँदा खुसी लागेको छ । यस पत्रिकाले विद्यालय, विश्वविद्यालय लगायत आम नेपाली तथा समग्र राष्ट्र र समाजलाई सीर्जनशील र जागरूक बनाउन उल्लेखनीय योगदान पुऱ्याउन सकोस्।
बडादसैं २०७८ को पावन अवसरमा हार्दिक मङ्गलमय शुभकामना

क्याम्पस प्रमुख
समस्त क्याम्पस परिवार
कोटेश्वर बहुमुखी क्याम्पस, काठमाडौ

*Short story*

# Recalling a Sad Event

Mohan Dangaura
Trinity College,Dillibazar

The dusk of *Maghi* brought the foggy chill in Kushma. Raju woke up early, collected his clothes, and rushed for the river. The cold mist of First January did not pose any fear to them in that particular day. Everyone in the village loved to feel fresh dew on their dry skins in*Maghi.* He dipped himself like everyone there for the bath on the occasion of sacred MaghiParva (festival). He felt the purity of new birth and observed how quick everyone was in taking oneself out of the cold water. After the bath, everyone was gathering around the fire to warm their bodies. He remembered all those activities that would occur throughout the whole day of *Maghi.*

The warmth of the day nudged exuberant energy to the folks. Theycrossed the yards of their houses and started to gather at Sukhram's house for pork. Having the pig's meat was the special food for Kushma and all the villages around Nandi. Raju saw everyone carrying sickles and machetes in their hands as everyone has to contribute to the distribution of meat after butchering the animal. Raju was always scared about killing innocent animals. Even after being an animal lover, he never was able to turn himself from non-vegan to vegan. He used to love animals but whenever the festive season used to knock, he wouldsimply lay down all his morals. I guess, he was never so serious about civilizing few relics of tradition. After returning from the river, he worshipped his ancestral gods with all the procedures he believed were true for the devotee. He took two lumps of rice, some flowers, and three sticks of *agarbatti* (incense) and put them all in the*suppa* (flat

basket). When he completed his prayers, he received blessings from hismother. For time being, he wandered what duty wouldbe assigned to him at Sukhram's. In any way, he was well known for making the process more complex when any domestic task was put before him.

His mother asked him to join others in chopping and distribution of pork. Since his father was not going to arrange all those for him, he felt crying within himself. In the meantime, he thought how the situation would be different if only his father were there with him that day. He imagined how his father would have worshipped to their gods. He would have been blessed and enjoyed his father's company in the fields, during shopping in CC market. His father would have brought many gifts to him. His father's friends would visit his house to make his house look like a pub. For Raju, such gatherings boost our very emotions that make us humans.

In the village, Raju had always loved socialization of his uncles, brothers, and aunties despite their drinking for all day and all night. Raju's mother was mashing up rice flour to prepare their special food *dhikri*. Without *dhikri*,Maghi was unimaginable for them. After searching in haste, Raju found a small sickle in the kitchen, he would be needing to participate in the fiesta. He was wearing a half-pant and a green T-shirt. First, he went to Shekhar's house to befriend him lest he would be alone in the band of adults. As they reached the meat distribution spot, he realized he didn't have much to contribute as the pig had already been butchered by the uncles. So, someone from the crowd asked both of them to clean the pig's intestines neatly with the water.

After cleaning them for one and a half hour, they returned it to the uncles who were busy distributing the pork pieces into equal sizes of one and a half

kilograms of share. The pieces were being put onto the banana leaves. Finally, the shares were divided into twenty-three households each share representing each household. Since Shekhar's father was already there, he just took *rakatwa* as the part of his souvenir which was usually prepared for all the members contributing to the chopping of the meat. It isprepared by mixing the pig's head parts and blood and was the best delicious nutrients for everyone. So, both friends took their share and left the place.

The day progressed with the very cruel light creating a ruckus betweenChitram and Man. The dispute took the swing arguing over the separation from the joint family. Since it was the occasion of Maghi, and people around Nandi had a culture of getting separated from their joint family on the same day.Every year, on this auspicious day, the happy living and strong brotherhood would shatter into the bitter emotions. Man and Chitram were two brothers living happily with their family but after their marriage, as the relationship grew older, the emotional ties among them became shallower. Chitram and Man's wives would quarrel no other day over small issues regarding the family business. Though the kitchen duty was divided for a month to each, their wives' ears used to be drummed with different gossips by neighborhood women instigating to exit from the united family. By end of the *Paush,* the disaffection became so intolerant between the two sister-in-law's that there was no any other option left for the two brothers but to agree to the term and conditions set by their wives.

Thus, when the rowbecame intolerant, the two brothers decided to divide their family share and live separately henceforth.Chitram and Man were quite unhappy about ending their family ties on their wives' beseech. They had to divide everything from a spoon to the spade, from food to the field. Though Raju's sisters-

in-laws were sobbing while the whole partition coming into effect, hecould sense those were just the tears of crocodile. At least, he felt relieve for not having any rival siblings in his family. He could never imagine being separated from his own siblings and dividing their parental heritages as the butcher chops the meat. Distributing everything equally doesn't always mean equality rather sometimes distribution becomes the main reason for separation. The separation tragedyrevealed the harsh reality of life and humanity to Raju.

Raju observed Chitram and Man cursing each other after getting drunk. The two brothers physically contested each other when the dissatisfaction grew into hatred. Almost all the villagers had to come there to stop the row. Raju again provoked himself on the cruel culture of the communitythat separates the family and turns everyone against each other. He could hardly grasp the bitter truth about separation. He wondered why brothers from the same mother would would even need to separate. The omen seems to impinge on the sacred water of Nandi.

We are happy to know that Molung Foundation id going to publish *Molung Gyanpravaha* as part of its educaltional endeavor. We would like to heartily express our best wishes for the Molung Gyanpravaha that will incorporate creative writings related to the fields of language, literature, art, culture, science, and society.

Happy festivals to all to creative writers from home and abroad

Chairman
Creative Writing Society
Kathmandu, Nepal

*Short story*

# An Unwanted Day



Nisha Dhamala
BSc I Year
University of Calcutta
India

The clock stopped and the time was twelve minutes past seven. It was a beautiful morning. The birds were singing sweetly and the sun was bright. But everything seemed gloomy to me. The singing of the birds was no longer pleasant and the sun rays only irritated me. The beauty of the nature was no more soothing to me.

I went to the window and closed the drapes. Now the room was covered with darkness just like my life. The photoframe of my parents on the wall was again was dusty. I cleaned the dust and closed my eyes. Everything appeared once again in front of my eyes. How happy I was when I got a call from one of the most reputed institutions of India. My parents were so proud of me. I opened my eyes, took a deep breath and went to have my breakfast. Eggs and bread have been my food from the last one month. The apron in the kitchen has been saying to me nowadays, "Why are you alone? Where is your mother?" I guess it misses my mother too. So I always reply," I miss her so much. I wish she could come back."

"Sundays are always fun. Let's go out for a movie", I heard my neighbour saying to her family. But for me Sundays are not the same anymore. This day all my thoughts gossip with each other and make me more depressed. I stopped thinking and finished my breakfast. I went back to my bed and checked my phone. There were several messages from the office WhastsApp group. "Of course they are planning

something for this stupid day", I said to myself. The colleagues of my office do not like me. I don't talk to any of them. I totally dislike that place but it is the only place I found a month ago to satisfy my needs. They pay me for solving issues of their customers. The salary is not much but it is sufficient for me, for someone who is alone, for someone who has nobody.

I was not alone a few months back. Just like everyone, I had my parents. But now I remember each morning, how cruel God has been with me. Each day I go to the same office now and work for hours. Each day I remember how I lost my parents when they were on their way to a pilgrimage. Each day I miss my mother coming to my room and waking me up with her hug, the safest hug indeed. Each day I miss my father who always gave me pocket money and we kept it a secret from mother. Each day I miss my world, my parents. Now I have no one. Not even my friends and relatives. They maintain a distance from me now. These thoughts were now a burden. I closed my eyes and went to sleep.

We are happy to knpow that Molung Foundation is going to publish *Molung Gyanpravaha* to disseminate knowledge and information. We express our best wishes for to be published by Molung Founfdation for creative writings related to the fields of language, literature, art, culture, science, and society.

Happy Dashai to all Nepalis living in India!

Lok Nath Bhandari
Chairman
Migrant Nepalese Association
India

***आलेख***

# डायास्पोरा : एक अस्थिर धारणाको निरन्तरता

**प्रा.डा. गोविन्दराज भट्टराई**



डायास्पोरा भनेको मानव जातिकै दशाको, यसैका इतिहासको अभिन्न कथा हो । सबैले यही दोहोऱ्याएका छन्–सर्वप्रथम यो ग्रिसेली भाषाको मूल शब्द र त्यसमा लागेको उपसर्ग थपेर 'डायास्पोरा' बनियो । यो दुई शब्दको संयोजन हो । पहिलो शब्द स्पेइरो[1] बिउ छर्नु भन्ने अर्थको अनि डाया[2] वरिपरि चारैतिर भन्ने अर्थको । दुवै जोड्दा डाया-स्पोरा बिउ बिजन छराइ भन्ने हुन्छ । छर्नु भन्ने बित्तिकै चारैतिर हुन्छ ।

भूमध्य सागरीय क्षेत्रमा धेरै पहिले ग्रिसेली बासिन्दाले अनि उपनिवेशकहरूले प्रचलनमा ल्याएको शब्द । हिब्रु जातिका मानिसहरूले आफ्ना जातिका निष्कासित नागरिकहरूलाई चिनाउन यो शब्द प्रयोग गरे । इसापूर्व ५७८ मा इजरायल र जुडाहका राजा सोलोमनले बनाउन लगाएको मन्दिरको नाम थियो फर्स्ट टेम्पल (प्रथम मन्दिर) अथवा सोलोमन्स टेम्पल । प्राचीन जेरूसेलमको यो पवित्र मन्दिर थियो । ईसापूर्व ५८७ मा नेबुचादनेजार द्वितीयले जेरूसेलम कब्जा गरी त्यस मन्दिरलाई समेत नष्ट गराए । अनि अर्को मन्दिर बनाइयो ।

त्यसको ५०० वर्षपछि द्वितीय मन्दिर (सेकेन्ड टेम्पल) माथि पनि आक्रमण भयो । मानिस जति भागेका थिए, कब्जामा थिए, निष्कासित थिए, दोस्रो ध्वंशपछि तिनले डायास्पोराको रूप लिन थाले । मूलभूमि छाडेर पाखा निस्केका यहुदी व्यापारीहरू भूमध्य सागरीय तटमा पुगेर फैलिए ।

सुरूमा यहुदीको देश निष्कासित समूहलाई मात्र 'डायास्पोरा' भनियो । यसभित्र नयाँ बस्ती बस्नेहरू, उपनिवेशकहरू देश निष्कासित दासहरू, अरू

[1] speiro (to sow)
[2] (dia=over)

प्रकारका दुःख यातना भोक्ताहरू, राम्रो जीवन खोज्ने व्यापारी र अरू यस्ताहरू पर्दथे । त्यसरी देश बाहिर पुग्नेलाई डायास्पोरिक भनियो । एउटा साझा कुरा थियो 'सामूहिक पहिचान' प्राप्ति वा त्यसको खोजी ।

आज पनि देश वञ्चित वा निष्कासितहरू त्यही पहिचानको खोजीमा छन् । पश्चिमी विश्वमा छरिएका राज्यविहीन भुटानीहरू अथवा बर्माबाट भागेर आएका रोहिङ्ग्याहरू । हाल तिनीहरू नेपालको बौद्ध वरिपरि छन् भन्छन् पत्रकार । टिनका छाप्रामा देखाउँछन् पहिचान 'बर्मेली रोहिङ्गिया मुसलमान' । जसलाई कोशले–बर्माका राखिन प्रान्तका अल्पसङ्ख्यक मुसलमान, राज्यविहीन, संसारमै सबैभन्दा अभियुक्त जाति भनेको छ । ती बर्मामा मात्र होइन, इण्डिया, बङ्लादेश, साउदी अरबतिर ठुलो सङ्ख्यामा छरिएका छन् । आफ्नो घार भत्केपछिका माहुरी सम्झौं, गुँड, भत्केपछिका धमिरा, कमिला, किरामिरा चराचुरुङ्गी सम्झौं । तर राज्य निष्कासित हुँदा, कति धपाइँदा एक्लै भाग्ने होइन दुःखका भारी सँगसँगै बोकेर त्रास खोज्दै समूहै हिँड्ने मनोविज्ञान हुँदोरहेछ ।

यसरी बाहिरिने जसको पनि हृदयमा पुरानो भूमि लेखिएको हुन्छ । उनीहरूले बोल्ने भाषा हृदयमा भित्र त्यहीँ गाडिएको हुन्छ । त्यो हृदय तिनै संस्कार परम्पराको सम्झनामा हुन्छ ।

हाम्रा पहाडे नेपालीहरू सदा अस्थिर, सदा चलायमान जाति भएकाले सायद पहाडको दुःखले नै उनीहरूलाई सदैव बाहिर धकेलिरह्यो । उता सीमानापारि पुगेर पनि कतै रमाउँदै, कतै रूँदै फेरि फर्किन बल गर्दै, नसक्तै, उतै फर्किदै गर्‍यो । केही दिन अघि लीलबहादुर क्षत्रीसँगका यस्तै केही कुरामा भन्नु भो–

भाइ, तपाईंसित **लीलबहादुर क्षेत्रीका कथाहरू** उपलब्ध छ छैन ? हेरिदिनोस् न ।

*पाएँ लिएर आएको छु सर । दोस्रो संस्करण प्रकाशित गरेछ एकेडेमीले २०७३ विक्रममा ।*

अच्छा, *उसो भए त्यहाँ एउटा कथा छ* ***ऊ फेरि फर्कन्छ*** *त्यो पढ्नु भो ?*

मैले सबै पढैं यसमा जम्मा १८ ओटा कथा छन् । उहाँको बारम्बार आग्रह सुनेर मैले सबै कथा पढेको थिएँ । ***ऊ फेरि फर्किन्छ***, फेरि पढेको थिएँ ।

यस कथामा लीलबहादुरको मातृभूमि तेरथुमबाट सानैमा आफू आसाम लागिएको, आफ्ना, जागिरे पितासँगै उतै पुगेर उतै नै स्थायित्व लिइसकेपछि अनेकौँ वर्षपछि एकदिन फर्केर गाउँमा आएको, थातथलो पत्ता लगाई दाजुभाइसँग भेट गरेको आफ्नो पितृप्रसादको भाग खोजेको, उनीहरूलाई नै गरिबीले गर्दा असमर्थ गराएको स्थिति देखिएपछि उनी अर्कै निर्णयमा पुग्दछन्– *'अभाव भएपछि स्वभाव पनि नष्ट हुन्छ । उनीहरू आफैँलाई थेग्न धौ धौ छ, मलाई के थेगुन् उनीहरूले ।'*

*ऊ केवल दुई ओटा वाक्य बोल्छ– 'लौ बस तिमीहरू म त फेरि फर्कंदैछु । कुनै दिन माटोले तानेर ल्याएछ भने यो देह बिसाउन आउँला । त्यसको निम्ति यो भूमिभन्दा पवित्र मेरो निम्ति अर्को हुने छैन'* (पृ.७४) ।

यो त मुटु छुने कथा छ । ८८ वर्षीय लीलबहादुरले हिजो बताएको कुरा । तर मन यहीँ छ । उहाँको आत्मा यहीँ छ । हामीलाई पनि लाग्छ– नेपालमा लीलबहादुर क्षेत्रीको एउटा घडेरी थातथलो मात्र छुट्याएर राखिदिनु पर्ने थियो नि । हामी देशवासीलाई पाप लाग्छ होला । यी मातृभूमि सबैकी वासस्थल हुन् । एकदिन हाम्रा दाजुभाइ दिदीबहिनी टाढाको आँगनमा खेल्न पुगे भन्दैमा उनीहरूलाई मेट्नु हुन्छ !

त्यसो त यो देशले पनि धेरैको रक्षा गरेको छ । मेचीदेखि महाकालीसम्ममा खासगरी तराईमा बसोबास खुलेपछि विगतका पचास वर्षमा बिसदेखि पच्चीस लाख नेपाली भित्रिए, बसे । हाम्रै कतिकति आफन्त छन्– कैलाली जान्छौँ पुनर्वासमा दुई तीन लाख नेपाली होलान्, भैरहवा, बुटवल, मोरङ, झापा सर्वत्र छन् । आफैँ व्यवस्थित छन्, सरकार रक्षित छन् तर अहिले अघिजस्तो फर्किनेको प्रवाह छैन । सरकारले कस्तै ल्यायो । यताबाट आसामतिर बसाइँ सर्नेहरू समाप्त भए, उताबाट आउने पनि समाप्तै भए धेरै अघि कागजपत्र राहदानी कुनै प्रमाण कतैको कुनै निसा कुनै भिसा नचाहिने बेलामा बसोबासदर्ता केही नचाहिने दिनमा दुःखले विवश दाजुभाइहरू देशबाट उम्लेर पोखिएजस्ता भए । पछि संसारले ती विधान कस्तै ल्यायो । त्यसले मात्र उनीहरूलाई एक ठाउँमा अडिन बाध्य पार्न थाल्यो ।

यस्ता दाजु भाइहरू छन्, दोहोरो नागरिक । तर कसैले केही भन्दैन । सबै आफन्त छिमेकीलाई थाहा हुन्छ कसको नागरिकता कति खर्च गरेर जोडियो कहाँ जग्गा जोडियो इत्यादि । तर सबैको उनीहरूप्रति त्यतिकै प्रेम हुन्छ ।

तराईका गाउँमा आधी मान्छे आसाम बर्मा, सिलाङ, मणिपुरबाट फर्केका छन् । भूटानबाट फर्की आएका त्यति नै । आफ्नी आमाको काखमा नफर्के कहाँ जानु ? दार्जीलिङका वीरेन्द्रले त्यस्तै यस्तो कविता लेखेनन् उनीहरू कसैले अंशबण्डा पैतृक सम्पत्ति पाएको थाहा छैन, उतैबाट अलिकति कमाएर ल्याउनेहरू छन् ।

लीलबहादुर क्षेत्रीको (स्वयम्) पात्र झैँ फेरि उतै फर्किनेहरू पनि थुप्रै छन् । हाम्रै एकजना काका भुटानबाट मधेश आउनुभयो । एक दशक अडिन बल गर्नुभो, आफ्नो पैतृक सम्पत्ति थिएन, केही आफूसँग कमाएर ल्याएको पनि थिएन र टिक्न नसकेपछि परिवार सन्तान लिएर फेरि सिमाना काट्नु भो । अहिले भुटानमा एक सम्पन्न र शिक्षित परिवारको रचना गर्नुभयो । मैले **एक्लै एक्लै एक्लै** निबन्ध संग्रहमा ***ए मास्टर नानी, नब्बे सालको भुइँचालाको किताप*** शीर्षक निबन्ध राखेको छु । त्यो मेरो ३८ वर्षअघि गरिएको आसामको पल्लो छेउ ब्रह्मपुत्र पारि तीन सुकियाको यात्रा थियो । हाम्रा बूढामाओली परिवार त्यहाँ दुई दशकदेखि बसेका थिए । पछि नेपालै फर्किए । छोरीहरू उतै छन्, आफू यता झापामा । सम्पन्न शिक्षित परिवार छाडेर यसपालि बिदा हुनुभो ।

कति वर्ष बिते पनि कति पुस्ता गुज्रिए पनि मूलभूमिको माया अथवा जराको खोजी कहिल्यै कहिल्यै नमेटिने तिर्खा रहेछ । पुस्तापुस्ता मर्दै जान्छन् त्यो तृष्णा झन्झन् धमिलो हुँदै जान्छ, तर झन्झन् सन्तानहरूतिर यो स्मृति सर्दै जान्छ । अरू देख्ने सुन्ने भन्छन्– यिनीहरू उहाँदेखि आउनेहरू हुन् ।

यसपालि एकदिन मलाई गोपाल पौडेलले फोन गरे न्युजिल्यान्डदेखि सरको पुस्तक **सम्झनाको सागरमा केही दिनभित्र** पढ्दै जाँदा तपाईहरूको पहाड ताप्लेजुङ भन्ने थाहा पाएँ, त्यो ठाउँ ताप्लेजुङको कहाँनेर होला सर ?

हाम्रो फावाखोला ओसे ।

हाम्रो पनि त्यहीँ अरे, सर । मेरा हजुरबालाई सात वर्षको उमेरमा उहाँकी हजुरआमाले भोटाङ बसाइँ लगेको अरे । मैले बुबालाई पनि भेटिनँ । 'ओसेका पौडेल' भन्ने सुनेको मात्र ।

यो त डेढ दुई सय वर्ष पुरानो कुरा हुनुपर्छ । मैले सोधेँ "तपाईलाई किन जरूरी पऱ्यो भाइ ?"

उनले भने "त्यहाँबाट हाम्री बुढीहजुरआमा कुन बाटो कसरी भोटाङ पुग्नुभयो, कसरी त्यहाँ पस्यौँ । ती कुरा जान्न मन छ मलाई । उताको ता सबै सम्भना छ मलाई, म उन्नाइस बिसको उमेरमा परिवारै खेदियौँ, नेपाल पस्यौँ, नेपालमा बिस वर्ष बस्यौँ, त्यहाँबाट न्युजिल्यान्ड आएका पनि एघार वर्ष भयो । यो सबै जोडेर मूलभूमि (नेपाल) सम्मको कथा लेख्न चाहन्छु । त्यो फावाखोलाबाट नेपालको सीमाना कट्ने बाटाको बयान सरले बताइदिनु होला ।"

मलाई प्रस्ट नआउला । हाम्रा दाजुलाई सोध्नु होला म फोन दिन्छु ।

डा. तुलसी?

हो भाइ ।

यस्तो हुन्छ नोस्टाल्जिया– त्यो अतीतप्रेम वा गृहविरह । वर्तमानदेखि भविष्यसम्म जोडिएर रहने लीलबहादुर क्षत्रीको तिर्खा जस्तो । त्यसैले वि.सं. २०७० मा जगदम्बा पुरस्कार पाएको दुई लाखमध्ये आधा रूपैयाँ उहाँले नेपाल भूमिकै कल्याणको खातिर कतै लगाइदिनू भनेर छोड्नुभयो ।

भाइ देवेन्द्र र रसिक विष्टको समूहले त्यसलाई लगेर भोजपुरको **सरस्वती विद्यालय**मा पुस्तकालय खोल्न लगानी गऱ्यो । एकलाख बीज धन राखेर त्यहाँ आज तिस लाख खर्च गरी पुस्तकालय बनिँदै छ । त्यसको नाम पनि **लीलबहादुर क्षेत्री पुस्तकालय** भएको छ । त्यसमाथि एक जना साहित्यकारको निमित्त कुनै भौगोलिक सीमा छैन, केवल श्रद्धा छ ।

तर एउटा साहित्यकारले पितृ भूमिमा होस् वा नव भूमिमा केही चढाउन नभ्याए पनि उनी विश्वकै नागरिक बनिसकेका हुँदा रहेछन् । उता नव-भूमिमा पुगेर पनि यताको भाषा उनको सम्भना सर्वत्र सबैले गरेकै हुन्छन् । उनका सम्भना जीवन्त राख्ने सबैले प्रयत्न गरिरहेका हुन्छन् ।

त्यो उत्पत्ति भूमिप्रतिको श्रद्धा र प्रेम अनि भक्तिभाव कहिल्यै क्षय नहुने, नमेटिने कुरा रहेछ । कति हजार वर्षपुगे– कहाँदेखि यात्रा गर्दै हिमालयको काखमा पुगेका आर्यहरू अभै नित्य गाउँछन्– *गंगेच यमुने चैब गोदावरी सरस्वती* । नेपालका पवित्र नदी मात्र होइन, ससाना धाराको मूल पानीको नाम पनि गङ्गा हुन्छ । सबै नदी 'गङ्गा' नामले

सम्बोधित हुन्छ । यो भावात्मक सम्बन्ध हो । संस्कृति बीज नै छरिरहेका सबैतिर हुन्छन् रोपिरहेका हुन्छन् सबैतिर । त्यही नै पूर्खा भूमिका सेवा, उनीप्रतिको श्रद्धा आध्यात्मिक विश्वमा मनको आश्रय रहेछ।

नयाँ ठाउँमा पुगेपछि जीविकाको माध्यम फेरि जुटाउनु, जीवनको पुनःसिर्जना गर्नु मुख्य समस्या हुन जान्छ । नेपाली जातिहरू जहाँ पुगे पनि यता मूल समाजकै चित्र र चेतनासँग पुगे । त्यसैले यता भएको जातिप्रथा लिएर गए, पेसा कर्म लिएरै गए । बर्मा, थाइल्यान्ड पुग्ने नेपालीहरूमा बौद्ध भिक्षुक हुनु, कर्मकाण्डी गुरू पुरोहित हुनु, धामी, झाँक्री, शिल्पकार हुनु त्यही कुरा हो । तिनीहरूले नै अकिलति भए पनि भाषा–साहित्यको बीज रोपे, जसले जातीय पहिचान बचाए । जुन कुरा भाषा बोलीमा र त्यसले थामेको संस्कृतिमा हुन्छ ।

बसेको पुरानो ठाउँको सम्झनाले बारम्बार छोइरहनु अनि ती रूखपात, खोला नाला, पर्वत, पाखा माथिको आकाश र तलको नदी सबै आˆना लाग्नु, ती प्रसङ्गसित आफू सम्बद्ध भएको ठान्नु ती पहाडले मैलाई पर्खिरहेका होलान्, सूर्योदयकालमा देखिने आकाशको त्यो खण्ड, त्यो डाँडामा लाग्ने पहिलो छाया, अस्ताउँदा कसरी उता पुगेर बिसाउँथ्यो, तिनले मलाई नै खोजिरहेका होलान् लाग्दो रहेछ । तलको नदी सुसाउँदा बतासले सुसेलेको कस्तो आवाज यो कानमा आउँथ्यो– सबै कुराले मानिसको मन बाँधिरहन्छ, स्मृतिलोक सदा हल्लिरहन्छ । कहिले आउँछौ मलाई भेट्न भनिरहन्छ । म आइहाल्छु, रातोदिन मेरो मन त्यहीँ छ पनि भनिरहन्छन् । मलाई सम्झिने माया गर्ने तिनै कुरा हुन भन्ने ठानिरहन्छ तर ठान्दाठान्दै जिन्दगी कहीँ पुगेर समाप्त हुन्छ । ऊ पुग्न सक्तैन । फेरि आफ्ना सन्तानले जीवन त्यसैगरी त्यहीँ बिताउँछन् अथवा फेरि अस्थिर भएर कता कता सर्न थाल्छन् । यतिखेर पूर्वी आसामका धेरै नेपाली सिलिगुडीतिर बसाइँ सर्दै छन् । एकपल्ट जराबाट उखेलिए पनि फेरि कुनै धर्तिमा जरा गाड्नु मुस्किल पनि रहेछ । त्यसमा पनि नेपालीहरूको यो जातीय स्वभाव भैसक्यो । सधैँ चलायमान, सधैँ अस्थिर पाँचथरको रबीबाट झर्ने बेलायती क्याप्टेनका घर दमकमा, धरानमा, काठमाडौँमा भए । छोरीहरू तिनै आकाशमा नित्य उडेका छन् ।

पुरानो ठाउँ छोडेर जानेको मनमा सधैँ बाधित जस्तो, सधैँ स्थानभ्रंश र विस्थापन भोगिरहेको उखेलिएको भावले छोइरहन्छ । पहाडबाट हामी मधेश

सरेको पचास वर्ष पुग्यो तर हाम्रो मूलभूमि त्यो उता पो जस्तो लाग्छ र उताको स्मृतिमा डुबेर धुमिल अतीतलाई कतिपल्ट लेखियो, अझै तिर्खा उस्तै छ । ती डाँडा पर्वतले मलाई चिन्नु पर्ने जस्तो लाग्छ । त्यो बतास र नदीको सुसाइ उहिल्यै चिनिएजस्तो लाग्छ। मैले **सम्झनाको सागरमा केही दिन**मा बाल्यकालीन स्मृतिको त्यही अमरतालाई अकिकति फिँजाएको छु । त्यति नसम्झेसम्म ती पहाडले रातोदिन मलाई तिनै प्रश्नको उत्तरमा एउटा ससाना शरणार्थी गाउँको स्थापनादेखि देशको स्थापनासम्म पहिचानको लागि पछ्याइरहे । अहिले भन्छु– तिम्रो सम्झनालाई यही पुस्तकमा सुरक्षित राखिदिएको छु ।

देशभित्रै बसाइँ सर्नेको यस्तो हुन्छ । अन्य देश पुग्नेको, विस्थापित, निष्कासितको, बञ्चित दण्डितको कत्रो समभाव रहन्छ होला । बाल्यावस्थामा ती स्वर्ग छोड्नेको क्षतिपूर्ति कहिल्यै कहीँ हुन सक्तैन । त्यो आद्यस्थल र आद्यचित्र केहीले प्रतिस्थापित गर्दैन, केहीले धुमिल पार्दैन । किनकि ती भौतिक र अभौतिक तत्त्व (परिवेश) ले नै मनमा स्थिर रूप लिएका हुन्छन् । त्यसको क्षति खाडल मनमा सदा अपूरणीय रहन्छ ।

बिस्तारै पुस्तान्तरण हुँदै जाँदा त्यो मधुरो हुँदै जान्छ तर सदाको लागि मेटिँदैन । म को हुँ के हुँ, कहाँको हुँ, भन्ने प्रश्न सधैँ मनमा उठिरहन्छ । आफ्नो 'पहिचान' खोज्ने मनमा त्यो बहिष्करणको क्रोध सधैँ रहिरहन्छ । एक प्रकारको परित्यक्तता रहिरहन्छ । त्यसको क्षतिपूर्ति गर्ने इच्छा मनमा निरन्तर साँचिएर रहन्छ । एक भिन्न भूमिमा पुगेपछि त्यो सदाको लागि संवेगहरूको केन्द्रमा लुकिरहन्छ । यसलाई विद्वान्हरूले डयास्पोरिक पहिचानको सचेत नाटक भन्दछन् ।[3]

गृहभूमिको खोजीमा आफ्नो भेट हुन्छ । नारीहरूमा हुने माइतीघरको सम्झना त्यही हो तर 'पुरूष-रक्षित' समाजमा नारीले त्यसको खोजी गर्ने तृष्णा व्यक्त गर्ने मौका कहिल्यै पाएनन् । ती म कुनै न कुनै 'घर' मा ता बसिरहेकै हुन्छन् । तर घरसँगै जोडिएको आफ्नो भूमि (भावनात्मक विस्तृति, आफ्नो लागेको परिवेश) पनि अथक मनले भूमि पनि खोजिरहन्छ । त्यसैले अङ्ग्रेजी 'होमल्यान्ड' भन्ने शब्द प्रेमले प्रयुक्त हुन्छ । 'होमल्यान्ड' भित्र दुवै कुरा

---

[3] self cumevowdrama of diasporic identity— Masrene david and

हुन्छन्– 'होम' अनि 'ल्यान्ड' । घरमात्र भएर पुग्दैन, भूमि मात्रले पुग्दैन, दुवै जोडिएको स्थान कहाँ पाइएला ? त्यसो त जहाँ पुगे पनि 'होम' पाइन्छ तर 'ल्यान्ड' हुन्छ र ? बेलायत बसैँ जानेले एउटा ढिकी गाड्छु, जाँतो हाल्छु, ओधान गाडेर अँगेनामा दाउरा बाल्छु भन्न कल्पना गर्नु मात्रै । 'डायास्पोरा' शब्दले अर्थले सारा प्रतिस्थापन, सारा पुनर्जीवन भन्ने अर्थ दिन्छ ।

इतिहासपट्टि फर्केर 'डायास्पोरा' को अर्थ खोज्दा कहिले कुनै परिस्थितिको 'क्षति' कहिले कुनै समुदायको तर सबै कुराको मुटुमा त 'हराएको घर' हुन्छ; ओझेल परेको 'गृहभूमि' हुन्छ । तर आदिम कालदेखि घातक नरसंहार चलेकै छन्, जातीय उच्छेदन चलेकै छन्, कुनै शिक्षाले सभ्यताले बलियाको मनमा दया, प्रेम, करूणा र मानवताको बीज नरोप्तो रहेछ; सधैँ घृणा, द्वेष र अखण्ड यातनामै मानवजाति पोलिइरहेको छ ।

म यहाँ इतिहासपट्टि फर्वेर एक दृष्टान्तको उत्खनन गरी डायास्पोरा कति लामा पीडा र घाउ भएर रहन सक्न सक्छन् त्यो देखाउँछु ।[4]

अघि सन् १४९२ मा स्पेनका राजाहरूले देशबाट यहुदीहरूलाई निष्कासित गर्ने आदेश पास गराए । यसको उद्देश्य आफ्नो यहुदी धर्म त्यागेर क्याथोलिक (क्रिश्चियन) बनेको जनसङ्ख्या फेरि यहुदीतिर फर्किने हो कि भन्ने डर थियो । अघिल्लो दुईसय वर्षदेखि त्यस देशमा यहुदीमाथि धार्मिक कारणले सधैँ अत्याचार गरिने भएकाले त्यसबाट बच्न यहुदीहरू क्रिश्चियन हुने गर्दथे । त्यो अत्याचारको निरन्तरता खप्न नसकी दुई लाख यहुदीले आफ्नो धर्म छोडी अर्काको स्विकारे । धर्म परिवर्तन गर्न नचाहने झन्डै त्यति नै नागरिकलाई निर्वासित गरियो । कोही ता पछि फर्के, अरू फर्केनन् । तर स्पेनमा रहेका यहुदीले केही खुलापन भोग्दै थिए; मन्दिर (सिनागग) हरूको पुनर्स्थापना गर्दै थिए, आफ्नो धर्म मान्दै थिए । तर देश निष्कासन हुने घोषणाको ५०० वर्षपछि सन् १९६८ मा आएर त्यो राजाज्ञालाई रद्द गरियो । भर्खरै आजभन्दा छ वर्षअघि आएर स्पेन देशले 'दोहोरो नागरिकताको' ऐन पास गऱ्यो र पाँचसय वर्षको यातना र वञ्चना भोगेका यहुदीका सन्तानलाई सुनायो–*देशको अतीतमा घटेका लज्जास्पद घटनाको क्षतिपूर्तिमा दोहोरो*

[4] Expulsion of Jews from Spain

*नागरिकता दिइनेछ । स्पेनी जनताले अफ्नो नयाँ घर (निर्वासित भूमि) नछोडे पनि स्पेनमा समेत स्वतन्त्र नागरिक भई बस्न पाउने छन् ।*
यसरी ५०० वर्ष पछि पनि आफ्ना सन्तानलाई आफ्नी आमाको काखमा फर्किने रहर रहिरहने रहेछ । त्यो अवसर दिन कर लाग्दोरहेछ ।
नेपालमापनि सबै गरी आठ लाख शरणार्थी छन् भन्ने कुरा छ । ती मध्ये १२ ठाउँमा छरिएका २० हजार जति तिब्बती छन् भने डेढलाख भुटानी नेपाली थिए । अझै केही हजार छन् झापामा । अमेरिका र भारतको गोटी भएको नेपालले आफ्नी आमाको काखमा रूँदै आएका भाइ बहिनीलाई उल्टै लाठाले हानेर नौ डाँडा कटायो । नेपाली नागरिकलाई सधैँ दुख्ने बिझाउने कुरा हो यो । यो पनि स्पेनले १४९५ मा गरेझैँ लज्जापूर्ण निर्णय थियो । ती नेपालीलाई एकदिन नेपालको आँगनमा बोलाएर दोहोरो नागरिकता दिनैपर्छ । पाँचसय वर्ष पछि भए पनि । त्यति मात्र होइन भारत भुटान थाइल्यान्ड जहाँ पुगे पनि आउन चाहने नेपाली जातिलाई दोहोरो नागरिकता दिनु मानवताको पालना हुनेछ ।
त्यसो ता अरूमा नेपाल चुकेको छैन । बर्मा, सिलाङ, आसाम, मणिपुर अन्यत्रबाट उच्छेदितलाई यो मूलभूमिमा पुनर्वास गराएको छ । ती ठाउँमै कतिको पुनर्वास छ तर भुटानको गल्ती भने भुल्न नसकिने खालको छ ।
पृथ्वीका ठुलाठुला भूभागमा यस्तो भएको छ ६० लाख अफ्रिकी कालाहरूलाई मूल भूमिबाट उखेलेर जहाजमा हाली युरोप र अमेरिका लगेर बिक्री गरे । त्यति गर्न ४०० वर्ष लाग्यो, १९ औँ शताब्दीसम्म । अघिल्लो महिना जर्ज फ्लोइडको हत्याकाण्डले सम्पूर्ण अमेरिकामा हिंसाको ज्वाला दन्कियो । पहिलेका शासक सामन्त वर्गको दृष्टिकोण अझै बेलाबेला प्रकट हुन्छ । जातीय विभेदको इतिहास अन्त्य गर्न चाहने आक्रोशित समुदायले कति सालिक भत्कायो । त्यो लहर युरोपमा खासगरी बेलायतमा पस्यो । हालै बेलायतको क्यान्टरबरी विश्वविद्यालयका प्राध्यापक ड्याभिड स्टार्कीले त्यो "दास प्रथा जाति हत्या थिएन, यत्रा काला बाँचेकै छन्" भन्ने टिप्पणी गर्दा दुईटा विश्वविद्यालयले उनको जागिरै खुस्काइदिए र उनको घोर आलोचना हुँदै छ ।
त्यसको दुखान्त कथा कति हो कति लेखियो । यता मानिस सभ्य हुँदैछ तर उता व्यवहारमा झन् झन् असभ्य बनेर जातीय महाविपत्ति मच्चाइरहेको छ—

हिटलरको क्रूरताले विश्वभरका यहुदी कसरी कामे, आर्मेनियन कसरी उखेलिए, रूवाण्डाली, कोसोभोली सबै जातीय उच्छेदनको बसमा परेर नरसंहार भएका हुन् तर नेपाली जातिको वहिर्गमन कहिल्यै पनि कहीँ पनि इतिहासभरि बाध्यात्मक थिएन । सधैँ स्वेच्छाले प्रेमले भयो । भारतभूमि र परिवेशमा जानेहरू सांस्कृतिक समताका केही लक्षण देखे सुनेर गए र रसाए । स्वधर्म, स्वकर्मसँग रसिए रसाए । शिक्षा र चेतनाविना नै तिनीहरू गएकाले उतातिर उनीहरूको जीवन भय त्रासमा र अज्ञानता मै बित्यो । अलिक टाढा जाने, भिन्न भूमिमा जाने शिलाङ, मणिपुर, बर्मा, थाइल्यान्ड, भुटान, हङकङ र गर्दै बेलायतमा रसाउनेलाई अलिक मुस्किल पऱ्यो होला । तर संस्कृतिप्रेमी जातिले जहाँ पुगेपनि आफ्नो संस्कृतिको गुँड बनायो ।

वास्तवमा वर्तमान विश्व इतिहास भन्नु अनेक मूल जाति र अनेक डायास्पोराको अन्तर्घुलनले बनेको छ । आउने, जाने, बस्ने, छोड्ने, विलीन हुने सबै क्रम निरन्तर रहेछन्; यस्तै रहने छन् । धर्ती एक साझा भूमि हो जहाँ रहे पनि जता गए पनि प्रकृतिको उपहार हो । तर एकैछिन कतै जरा गाडेपछि सधैँ आफ्नै भन्ने जस्तो व्यर्थ भाव पलाउँदो रहेछ ।

मोलुङ फाउन्डेसनले बहुआयामिक ज्ञानको बाहकको रूपमा *मोलुङ ज्ञानप्रवाह* शीर्षकको शिक्षाप्रधान मासिक पत्रिका प्रकाशन गर्न लागेको कुरा थाहा पाउँदा धेरै खुसी लागेको छ । यस पत्रिकाले बालबालिका, किशोर किशोरीलगायत आम नेपाली तथा समग्र राष्ट्र र समाजलाई सिर्जनशील बनाउन उल्लेखनीय योगदान पुऱ्याउन सकोस् ।

बडादसैँ २०७८ को पावन अवसरमा हार्दिक मङ्गलमय शुभकामना !

अध्यक्ष
तथा समस्त नेबासास परिवार
बाल साहित्य समाज, नेपाल



*आलेख*

# नेपालमा शिक्षा : गुणात्मक परिवर्तन कसरी गर्ने?

प्रा.डा. विद्यानाथ कोइराला

## पुर्खाले कसरी पढे, कसरी पढाए ?

अन्त:प्रज्ञले आफैंमा पढ्छन् । बहि:प्रज्ञले किताबमा पढ्छन् । नारदपरिव्राजकोपनिषद्को चिन्तनले यही भन्छ । बुद्धको “अप्प दीपो भव” अन्त:प्रज्ञकै बाटो हो । त्यसले यही भन्छ । यो बाटोले अनुभूतिको माध्यमले सिकाउँछ । उपनिषद्को “अहं ब्रह्मस्मि” को मन्त्रको मार्ग पनि यही हो । छान्दोग्यपनिषद्को अर्थमा ब्रह्म बुझ्नेपछि जीव बुझ्ने मार्ग । विज्ञानी शब्दमा ब्रह्म भनेको स्थिर ऊर्जा हो । अविनाशी ऊर्जा हो ।

बहि:प्रज्ञले प्रकृति पढछन् । प्रकृतिसँग ऊर्जा छ भन्ने जान्दछन् । तिनको सहसम्बन्ध खोज्छन् । पश्चिमी विज्ञानको तरिका यही हो । जस्तो ब्रह्माण्डको तरङ्ग तथा शान्त दिमागको तरङ्गबारे बुझ्न अणुविज्ञानवालाले अणुको अनुशीलन गरे । अन्त्यमा निचोड निकाले अणुको सामान्य नियमले दिमागी तरङ्ग चल्दैन । संज्ञानात्मक विज्ञानले नसासँग दिमागी तरङ्गको सम्वन्ध खोजे । उनीहरूले भने यो चिन्तनबाट दिमागी तरङ्ग बुझ्न कठिन छ । क्वान्टम फिजिक्सवालाले देखे दिमागी अणुहरू कहिले अणुविज्ञानको नजीक देखिन्छन । कहिले संज्ञानी विज्ञानको । कहिले क्वाण्टाम फिजिक्सको । अर्थात एकै नियमले दिमागी तरङ्ग/क्वन्टम चल्दैन । तर योगसूत्रको चिन्तनले भन्छ -ब्रह्माण्डीय तरङ्ग र ध्यानस्थ योगीको तरङ्ग मिल्छ । यसको अर्थ हो विज्ञान खोजीमा छ । बहि:प्रज्ञको चिन्तन यही हो । जोन हेग्लिनको सन् १९८९ को शोधले यही भन्छ ।

स्कुली तथा विश्वविद्यालयीय शिक्षा वहिप्रज्ञको तरिका हो । यही प्रश्न हो -हामी कुन प्रज्ञ हुने ? भोलिका विद्यार्थीलाई कुन प्रज्ञ बन्न बनाउन प्रेरित गर्ने ? कोरोना कहर त घटना हो । प्रश्न पढ्ने पढाउने शैली पो हो कि त ? शिक्षक तथा प्राध्यापकले स्वयं सोच्ने विषयवस्तु पो हो कि त ?

बुद्धको शब्दमा "अप्प दीपो भव" बन्नुपर्ने हो कि त ? नबन्ने वा बन्न नचाहनेहरूलाई बाध्यात्मक परिवेश सिर्जना गर्नुपर्ने हो कि त ? बनिरहेकाहरूको सञ्जाल बनाउनुपर्ने हो कि त ? बहिः र अन्तःप्रज्ञको बिचमा नयाँ उपाय खोज्नुपर्ने हो कि त ?

**डिस्कुलर्सले कसरी पढाउने सिफारिस गरे ?**

इभान इलिच तथा रेमियर्सहरू डिस्कुलर हुन् । सन् १९७० का दशकका । स्कुल भत्काउने यिनीहरूको अभियान हो । कोरोनाको अभियानले त्यही परिवेश दिएको छ । स्कुल भत्केको छ । कलेज भत्केको छ । विश्वविद्यालय भत्केको छ । इलिच र रेमियर्सहरूले खोजेको लर्निङ नेटवर्क बन्न थालेको छ । आधुनिक प्रविधिले बनाएको नेटवर्क । पुराना प्रविधिलाई उपयोग गर्न सकिने नेटवर्क । वर्णसङ्करीय बनाउन सक्ने नेटवर्क । यिनीहरूको अभियानले लर्निङ नेटवर्कको अवधारणा ल्यायो । पियर म्याचिङ नेटवर्क । जहाँ सिके पनि हुने चिन्तन दियो । कक्षाकोठामा सिके पनि हुने । ओछ्यानमा सिके पनि हुने । यसरी उनीहरूले स्कुल र समुदाय दुबैलाई डिस्कुलिङ गर्ने सोच दिए । शिक्षकको भूमिका बदल्ने । विद्यार्थीको भूमिका बदल्ने । उपलब्ध प्रविधिमा पढ्ने । त्यसैमा पढाउने । त्यसैमा जाँच गर्ने । विदेशी पुर्खालाई मान्ने हो भने लर्निङ नेटवर्कको चिन्तन पो अघि आउनुपर्थ्यो कि त ? आधुनिक प्रविधिवालाको लर्निङ नेटवर्क । परम्परागत प्रविधिवालाको लर्निङ नेटवर्क । प्रविधिहीनहरूको लर्निङ नेटवर्क । अन्तरप्रविधि लर्निङ नेटवर्क । यसरी विविध लर्निङ नेटवर्कमा पढे पढाएको कुरा जीवनमा जोडिन्छन् । त्यसैले स्कुल घटाउँ । लर्निङ नेटवर्क बढाऊ । इलिच र रेमियर्सहरूको सिफारिस यही थियो । कोरोना कहरमा लर्निङ नेटवर्क काम लाग्ने थियो कि ? आधुनिकतावादीले सोच्यौं र ? क्रान्तिकारी हौं भन्नेहरूले चिन्तन गर्‍यौं र ?

**नेपाली चिन्तकहरूले के सुझाए ?**

मनोविदहरूको शब्दमा सिकाइ उमेरसम्मत हुन्छ । जिनलेभ तथा वेग्नरको सन् १९९१ को शब्दमा अवस्थिति (situated learning) र परिवेशमा (peripheral learning) हुन्छ । अर्थात् जुन

परिवेशमा विद्यार्थी छ त्यहीं सिक्छ । त्यही सिक्छ । त्यस्तै सिक्छ । भिन्नै बनाएर सिक्छ । यो कुरा बुझेका नेपाली चिन्तकहरूले विविध उपायहरू सुझाए । तिनको सार थियो- सिकाइ र पढाइ जोडने । पढाइ र सिकाइ जोड्ने । सिकाइ विद्यार्थीको सम्पदा हो । पढाइ शिक्षकको कला हो । यी दुबै कुरा जोड्नुपर्ने विषय हुन् । जोडिने विषय हुन् । पुर्खाको तरिकाले जोडे पनि हुने । डिस्कुलर्सको तरिकाले जोडे पनि हुने । मनोवेत्ताको शब्दमा जानेको कुरामा नजानेको कुरा जोडे पनि हुने । यसका लागि पालिका तहमा उपयुक्त शिक्षकको छनौट जरूरी छ । तिनीहरूको थप तयारी जरूरी छ । सिकाइलाई पढाइमा जोडने सामग्री बनाउन । पढाइलाई सिकाइमा जोडने सामग्री बनाउन । अहिलेको सन्दर्भमा आधुनिक प्रविधिमार्फत शिक्षक तयारी सम्भव छ । सहज छ । खर्चहीन छ । तर प्रश्न हो, के हाम्रो नेतृत्व यो कुरा सुन्छ र ? सुने पनि तदनुसार काम गर्न तयार छ र ? यी दुई प्रश्नहरू अझै अनुत्तरित छन् । स्कुल कलेज खोल्ने र नखोल्ने भन्ने चिन्तन (binary opposite) मा बसेका निर्णायकहरूले मध्यमार्गी सोच बोक्छन् र ? यो स्थितिमा कोभिडले सिर्जेको समस्याको उत्तर हुन्छ र ?

विज्ञता सुनिश्चित गर्ने अवसर हो यो । सिकाइबाट । पढाइबाट । जेबाट अघि बढे पनि जोडाइमा जाने तरिकाबाट । बाख्रा हेर्ने केटाकेटीलाई बाख्राविज्ञ बनाउने । गिट्टी कुटनेलाई गिट्टीविज्ञ । मोबाइल चलाउनेलाई मोबाइल विज्ञ । अनलाइनमा हुनेलाई अनलाइन विज्ञ । गाउँघरमा बस्नेलाई समाजविज्ञ । आरनमा शोध गर्नेलाई मेकानिकल इन्जिनियरिङको आरन विज्ञ । पञ्चै बाजा तथा नौमती बाजा जानेका नेपालीलाई लोक सङ्गीत विज्ञ । बाजा विज्ञानका विज्ञ । यी र यस्ता विज्ञताबाटै उनीहरूले पढ्नै पर्ने गणित, विज्ञान, सामाजिक, भाषा आदिमा जोडने शिक्षक तथा प्राध्यापक । त्यस्तै प्रविधि । तर प्रश्न हो नेतृत्व नैं तयार छैन । पेसागत भन्न रूचाउने शिक्षक महासङ्घ, प्राध्यापक महासङ्घहरू पनि तयार छैनन् । केही अपवाद हुन् । यस अर्थमा समस्या कोरोना हो कि नेतृत्व हो ? निर्णय गर्ने क्षमता हो कि ? सर्जक सोच हो ?

**अभ्यास के रह्यो ?**

कोभिडले बहानावालाको बोली बिकायो । स्कुल कलेज बन्द गर्ने । जाँच सार्ने । खोप चाहियो । थप सुविध चाहियो । केही शिक्षक तथा प्राध्यापक मरे । पहिलो स्वास्थ्य अनि शिक्षा । यी बाहानावालालाई पत्रकारले सघायौं । विज्ञले सघायौं । शिक्षाविद्ले सघायौं । राजनीतज्ञले सघायौं । कर्मचारीले सघायौं । चिकित्सकले सघायौं । सघाउनेहरूले विकल्य दिएनौं । चिकित्सकले जस्तो । पुलिसले जस्तो । केही चाहनावाला शिक्षकले जस्तो । यहीं देश हाऱ्यो । विद्यार्थीहरू हारे । अभिभावक हारे । जो शिक्षकले अनेक तरिकाले विद्यार्थीको पढाइ तथा परीक्षालाई निरन्तरता दिए ती पनि हारे । किनकि तिनका विद्यार्थीको छुट्टै जाँच पनि भएन । पढाइ पनि भएन । सम्मान पनि भएन । तिनलाई नमुना बनाएर पनि उभ्याइएन । परिणामतः ती चाहनावालाहरू त्यसै खुम्चिए । गरेर के हुनेरहेछ त भनेर बैरागिए । यसरी हेर्दा हाम्रो नेतृत्वले कोभिडलाई व्यक्तिगत काम तथा मनोरञ्जन गर्न पनि पाइने तलब पनि खान पाइने व्यवस्थामा बदल्यो । यहींनेर चाहनावालाहरू अल्पमतमा पुगे । यहाँ चिन्तन बहुमत तथा अल्पमतको थिएन । सबै विद्यार्थीको शिक्षा सुनिश्चित गर्ने तरीकाको कार्यान्वयनमा थियो । जित बहुमतको भयो । देशको झन्डै एक तिहाइ जनसङ्ख्या भएका विद्यार्थीहरूले हारे । चाहनावालाहरू हारे । यही प्रश्न हो -कोभिड समस्या हो कि त्यसको आडमा यथास्थितिमा रमाउन चाहनेहरूको जमात समस्या हो ? स्कुल कलेज खोल्ने र नखोल्नेको दोहोरीको अभ्यास हुनु जरूरी थियो कि मध्यमार्गी सोचको अभ्यास गर्नु जरूरी थियो ? यो प्रश्नको उत्तर कोभिडमा खोजिएन । खोजेको कुरा हो कि स्कुल कलेज खोल । कि वैकल्पिक भनिएको विधिमा जाऊ । अर्थात् ती दुईलाई पूरक बनाउने सोच बोकिएन । बोकाइएन ।

**मध्यमार्ग के हुन सक्थ्यो ?**

मज्झिमा निकाय अनुसार बुद्धले १० ओटा प्रश्नको उत्तर दिएनन् । सब्बसभा सूत्त अनुसार १६ प्रश्नको उत्तर दिएनन् । नजानेर हैन । नचाहेर । बुद्धको सोच हो -हो म को हुँ ? किन पृथ्वीमा जन्मिए ? पूर्वजन्ममा म के थिए ? जस्ता भुइँ नछुने प्रश्नमा अल्झेर किन समय खर्चिने ? यही

दशा रह्यो कोभिडको बेलामा मध्यमार्गी शैक्षिक चिन्तन बोक्नेहरूको । नागार्जुनको मध्यमार्गले सँगै जन्मने दुई कुरा चिनाउँछ । शून्य छ । त्यसैले शब्द छ । शब्द छ । त्यसैले शून्य छ । दुबै सँगै जन्मन्छन् । दुःख र सुख जस्तै । राम्रो र नराम्रो जस्तै । वुद्धको विचारमा त्यसैको बिचमा सत्य बुझ्नु सम्यक् दृष्टि हो । सही विचार हो । मध्यमार्ग हो । बोलीचालीको शब्दमा विश्वास गरिएको सत्य (conventional or absolute truth) तथा अनुभव गरिएको सत्य (experiential truth) बिचको सत्य । कोभिडको सन्दर्भमा विश्वास गरिएको सत्य स्कुल कलेज बन्द गर्ने हो । स्कुल कलेज खोल्ने पनि हो । बिचको सत्य भनेको परम्परागत तथा आधुनिक प्रविधिबिचको शिक्षण सिकाइ तथा परीक्षा गराइको खोजी हो । यस्ता अनेकन खोजीहरू आए । स्वेच्छाले सुझाइएका । केही दाम खर्चनेहरूले जन्माएका । तर तिनको प्रयोग भएन । यस अर्थमा नागार्जुनको मूलमध्यमकारिका हाऱ्यो । महायानीले बोकेको बुद्धको मध्यमार्ग हाऱ्यो । स्कुल तथा कलेज खोल्ने वा बन्द गर्ने भन्ने सनातनी मार्गले जित्यो । जित्दैछ । जितेकै छ ।

**गर्ने के त ?**

गर्न गराउन सकिने थुप्रै बाटाहरू थिए । छन् । तर नेतृत्ववर्ग नैं परिवर्तन भएन । हिजोको नियम समातेर । हिजैको संरचना समातेर । हिजैको अनुभूति सम्झेर । यस स्थितिमा मैले केही उपायहरूको चर्चा गरेको छु । ती उपायहरू यस प्रकार छन् ।

*(क) कार्यकर्तालाई स्पष्ट निर्देशन दिने*

नेतृत्वले चाहने हो भने गर्ने सहज कामहरू थिए । पहिलो, केन्द्रीय राजनीतिज्ञहरूको सर्वदलीय भेला । भेलाको गेडो हुन सक्थ्यो - देशको जनसङ्ख्याको झन्डै एक तिहाइ विद्यार्थीहरू छन् । ती विद्यार्थीका सङ्घसङ्गठनहरू दलकै कार्यकर्ता हुन् । राजनीतिक दलका सदस्य हुन् । नभए भोलि बन्न सक्छन् । बनाइन सक्छन् । तिनलाई पढाउने शिक्षक तथा प्राध्यापकहरू पनि दलकै कार्यकर्ता हुन् । विश्वविद्यालयका पदाधिकारी पनि दलकै इसाराका हुन् । पालिकाहरू पनि दलकै नेता हुन्

। कार्यकर्ता हुन् । सदस्य हुन् । थोरै मात्र अपवाद होलान् । दलभन्दा माथि उठेका । दलको सदस्यता नलिएका ।

स्वभावतः कार्यकर्ता वा सदस्यहरू दलकै इसारा खोज्छन् । आदेश खोज्छन् । यसैले राजनीतिक दलहरूले सर्वसम्मतिले विद्यार्थीको पक्षमा बोल्नुपर्छ । पालिकाका नेता, कार्यकर्ता, वा सदस्यहरूलाई भन्नुपर्छ - आफना स्कुल कलेज बन्द गर्ने र खोल्ने दुबै अतिवादी हुन सक्छौं । परिवेशले त्यही भन्छ । त्यसैले मध्यमार्गको पक्षधर बनौं । मध्यमार्गको पक्षधर बन्ने भनेको अनेकन तरीकाको अबलम्बन गर्नु हो । जसरी पनि विद्यार्थीले पढन पाउने व्यवस्था गर्ने हो । जाँच दिन पाउने व्यवस्था गर्ने हो । गुणस्तर सुनिश्चित गर्ने हो । त्यो काम शिक्षक तथा प्राध्यापकले गर्न सक्छन् । नसक्नेलाई सक्ने पनि बनाउन सक्छन् । त्यसका लागि अरूहरूको सहयोग लिन सक्छन् ।

*(ख) दल र अदालतको बुझाइमा स्पष्टता ल्याउने*

संविधानको अनुसूची ८ अनुसार माध्यमिक तहसम्मका विद्यालयहरू पालिकाको जिम्मेवारीमा छन् । शिक्षा नीति, २०७६ अदालत तथा शिक्षक महासङ्घको मागले गिजोलेका कारण त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । तर शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको अन्तिम सर्कुलरले परिस्थितिवश संविधानको अनुसूची ८ लाई नैं प्रकारान्तले बोकेको छ । तर स्पष्टसँग भनेको चाहिं छैन । यो स्थितिमा गाउँपालिका महासङ्घ, नगरपालिका सङ्घसँग शिक्षक महासङ्घ, प्याब्सन, एनप्याब्सन तथा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सहकार्य हुनुपर्छ । अहिले सहकार्य छैन । आदेशात्मक स्थिति मात्र हो । पालिकाले आदेश पाए । चासो सङ्घीय सरकारको रहेछ भनी बुझियो । बुझाइयो । यो स्थितिमा राजनीतिक दल तथा अदालत स्पष्ट हुनुपर्छ -शिक्षामा संविधानको अनुसूची ९ को सीमा के हो । पालिकाहरूले अनुसूची ८ अन्तर्गत के के गर्न पाउँछन् । के के गर्न पाउन्नन् । यो स्पष्टताले मात्र पालिकाहरूले शैक्षिक जिम्मेवारी लिन सक्छन् । अथवा तिनलाई बाध्य गर्न सकिन्छ ।

आधारभूत तहको शिक्षा ऐन, २०७६ ले कक्षा ८ सम्मको जिम्मेवारी त दिएको छ । तर सङ्घीय सरकारले बनाएका साक्षताको नीति तथा

विद्यालय क्षेत्र विकास योजनाको दोस्रो चरणको दस्तावेजले त्यो अधिकार पनि खोसेको छ । यस बाहेक अधिकार अनुसार कुन पालिकाले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित गर्‍यो त भनी कसैले पनि अनुगमन गरेको छैन । यो स्थितिमा पालिकाहरूले पनि शिक्षामा अपेक्षित जिम्मेवारी लिएका छैनन् । केही पालिकाहरू भने अपवादको रूपमा देखिएका छन् । यसको अर्थ हो –जवाफदेही को ? जवाफदेहीताअनुसार काम नगरेमा सजाय पाउने को भनी स्पष्ट नहुनाले पनि विद्यार्थीहरू रनभुल्ल नैं छन् । यो कुराको टुङ्गो हुनु जरूरी छ ।

*(ग) विकेन्द्रीकरणको तरिकामा स्पष्ट बन्ने*

सङ्घीय सरकारले पालिकाहरूलाई तथा विश्वविद्यालयहरूले आफ्ना कलेज तथा क्याम्पसहरूलाई पत्याउने गरेका छैनन् । पढाइमा । जाँचमा । गुणस्तर सुनिश्चित गर्नमा । यो स्थितिलाई हेर्दा केन्द्रीकरण कि ? विकेन्द्रीकरण कि ? जनवादी केन्द्रीयता कि ? अधिकार प्रत्यायोजन कि ? वा अन्य कुन मोडेलको व्यवस्था देशले खोजेको हो भन्ने बारेमा मतैक्यता छैन । दलहरूको तहमा । पालिकाको तहमा । विश्वविद्यालयको तहमा ।यसो नहुनुले पनि अप्ठेरो पारेको छ । यो अप्ठेरो फुकाउँदा पनि कोभिडमा शिक्षालाई सहजै अघि बढाउन सकिन्छ ।

*(घ) शिक्षक तथा प्राध्यापकलाई जिम्मेवार बनाउने*

शिक्षक तथा प्राध्यापकहरू गिजोलिएका छन् । तिनलाई गिजोल्नेहरूमा राजनीतिक दलहरू, सिसिएमसी, विभागीय मन्त्री तथा मन्त्रालयका निर्णयक कर्मचारीहरू, प्रमुख जिल्ला अधिकारी, पालिकाका जनप्रतिनिधिहरू, विद्यार्थीका सङ्घ सङ्गठनहरू, विश्वविद्यालयका पदाधिकारीहरू, शिक्षक तथा प्राध्यापकका सङ्घसङ्गठनहरू छन् । बेलाबखतमा ती गिजोलाहाहरूले दिएका आदेशले शिक्षक तथा प्राध्यापकहरू झन् अलमलिएका छन् । यस स्थितिमा गिजोलाहाहरूको समन्वयात्मक एकल बोली तिनले खोजेका छन् । आफैं जिम्मेवार हुने कि ? गिजोलाहाहरूको आदेश मान्ने ? यो अलमल चिर्न गिजोलाहाहरूबिच शिक्षक तथा प्राध्यापकहरूलाई जिम्मेवार बनाउने कुरामा मतैक्यता हुनुपर्छ । तिनले निखिएर भन्नुपर्छ –

शिक्षक तथा प्राध्यापकलाई पालेकै विद्यार्थीको पठन पाठनलाई हो । कसरी सबै विद्यार्थीमा पुग्नुहुन्छ त्यो तपाईहरूको निर्णय हो । अनलाइनमा जाने कि ? अफलाइनमा जाने कि ? आधुनिक प्रविधि प्रयोग गर्ने कि ? परम्परागत प्रविधिमैं पढाउँने कि ? सिधै किताब पढाउने कि ? सिकाइ तथा पढाइ जोडने कि ? सिकाइ सञ्जाल बनाउने कि ? आधुनिक तथा परम्परागत प्रविधि सुहाउँदा शैक्षिक एवं शैक्षणिक सामग्री बनाउने कि ?
जाँच कसरी लिने ? गुणस्तर कसरी सुनिश्चित गर्ने ? परम्परागत तथा आधुनिक प्रविधिमा पढेकाहरूको शैक्षिक समकक्षता कसरी गर्ने ? यसको जानकार पनि तपाईहरू नैं हो । रकम चाहिए पालिकामा भन्नुस् । प्राविधिक सहयोग चाहिएमा सङ्घीय सरकार तथा विश्वविद्यालयका पदाधिकारी गुहानुर्होस् । आआफ्ना पेसागत सङ्घ संस्थालाई अनुरोध गर्नुहोस । तर विद्यार्थीहरूले पढन पाउनै पर्छ ।
यति भन्न नसक्ने हो भने गिजोलाहाहरूलाई शिक्षाको कुरा गर्ने हकबाट वञ्चित गरिनुपर्छ । किनकि तिनले समस्या निम्त्याए । समाधान दिएनन् । यसबारेमा मानव अधिकार तथा बालअधिकारवादीहरू, विद्यार्थी तथा अभिभावकका सङ्घसङ्गठनहरू मौन रहनु भनेको चाँहि उदेकलाग्दो कुरा हो । काम नगरी तलब लिंदा पनि बेरूजु नठान्नु आन्तरिक तथा बाह्य लेखापरीक्षकहरूको अर्को अचम्मको चरित्र हो । सामाजिक भलाइअन्तर्गतको सुविधा हो भने त्यो कुरा पनि उनीहरूले भन्नुपर्छ । अन्यथा आफ्नै लगनमा विद्यार्थीहरूलाई पठनपाठन गर्ने जवाफदेही बोकेका, विद्यार्थीप्रेमी, पेसाधर्मी आराध्य शिक्षक तथा प्राध्यापकहरूलाई के जवाफ दिने ? तिनलाई कसरी न्याय गर्ने ? शिक्षक तथा प्राध्यापकलाई कसरी जिम्मेवार छौ भन्ने ? सोचनीय विषय हो । यो विषयको टुङ्गो भएमा मात्र विद्यार्थीहरूले पढन पाउँछन् ।

*(ङ) गुणात्मक शिक्षा कसरी सुनिश्चित गर्ने ?*

पेसाप्रति इमानदार शिक्षक गुणात्मक हो । उसले कक्षागत सक्षमता बुझेको हुन्छ । तहगत सक्षमता बुझेको हुन्छ । विषयगत सक्षमता बुझेको हुन्छ । मेरो विद्यार्थीमा त्यो सक्षमता पुग्यो कि पुगेन भनेर खोज्छ । त्यस्तो दस्तावेज सरकारको पाठ्यक्रम विकास केन्द्रमा छ । विश्वविद्यालय

अनुदान आयोगमा छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले बनाएको विद्यालय तहदेखि विश्वविद्यालयको योग्यताको खाका (qualification framework) मा छ । इआरओको कक्षा ३, ५, ८, र १० को विद्यार्थीको शैक्षिक उपलब्धिमा छ । विश्वविद्यालयका परीक्षा बोर्डहरूमा छ । आफूसँग सम्बन्धित कुरा खोजेर अघि बढे शिक्षक तथा प्राध्यापकले नैं गुणस्तर सुनिश्चित गर्न सक्छन् । युरोप, अमेरिका तथा अस्ट्रेलियाको तरिका यही हो । गुणात्मक शिक्षकको धर्म पनि त्यही हो ।

राजनीतिक दलहरूले आआफ्ना कार्यकर्ताहरूलाई जिम्मेवार बनाए पनि गुणस्तर सुनिश्चित हुन्छ । चीनको तरिका यही हो । स्तरीय प्रश्न (standardized test) बनाएर स्कुल तथा कलेजका अपेक्षित तहमा लागु गरे पनि हुन्छ । टोफेल, जीआर इ लागु गरेर गुणस्तर सुनिश्चित गर्ने विश्वको अभ्यास लागु गरे पनि हुन्छ । बेलायतले जस्तो कर्मचारीले नै गुणस्तर सुनिश्चित गर्ने तरिका अपनाए पनि हुन्छ ।

पेसागत सङ्घ सङ्गठन हौं भन्ने स्वीकार्ने हो भने शिक्षक महासङ्घ, प्याब्सन, एनप्याब्सन तथा प्राध्यापक महासङ्घले शैक्षिक गुणस्तरको जिम्मा लिए पनि हुन्छ । स्थानीय सरकार हौं भन्ने हो भने पालिकाहरूले गुणस्तर सुनिश्चित गरे पनि हुन्छ । प्रश्न हो -गुणस्तरको जिम्मा कसको हो भनी निर्णय गर्ने कोही पनि भएनौं किन ? यही अनिर्णयले गर्दा सबै जिम्मेवार (responsible) छन् भन्ने शब्द प्रयोग गरिरहेछौं । जवाफदेही (accountable) को हुने भन्नेबारे मौन छौँ । यो मौनता नचिर्ने हो भने हाम्रो गुणस्तरको अपेक्षा व्यष्टिमा हुन्छ । समष्टिको गुणस्तरको आशा गर्न कठिनाइ नैं हुन्छ ।

**रहनी**

जवाफदेही बनेर पठनपाठन गर्ने गराउने शिक्षक तथा प्राध्यापकले कोभिडको चुनौती स्वीकारे । सकारात्मक सोच लिए । सम्भाव्य उपायहरू खोजे । अरूसँग सोधे । समस्या सल्टाए । उनीहरूले वहिप्रज्ञ तथा अन्तःप्रज्ञ जोडने तरिका अपनाए । गरेर । सिकेर । प्रत्याभूति गरेर ।

समस्या देखाउनेहरूले भने चुनौती स्विकारेनन् । अरूसँग सोधेनन् । आफैंभित्र खोजेनन् । निराशा बोके । बोकाए । समस्या घोके । घोकाए । अन्यथा जनशक्ति त्यही छ । आवश्यकता उही हो । उनीहरूलाई ताछ्ने तिखार्ने काम भने सङ्घीय, प्रदेश तथा स्थानीय सरकारले नगरेकै हो । जहाँ गरे त्यहाँ कोभिड अवसर बन्यो । सर्जक बन्ने बनाउने अवसर । लर्निङ नेटवर्क बनाउने अवसर । मध्यमार्ग अपनाउने अवसर । आधुनिक प्रविधि प्रयोग गर्ने अवसर । परम्पागत तथा आधुनिक प्रविधिबाट सिक्ने सिकाउने अवसर । विद्यार्थीलाई खोज्ने खोजाउने अवसर । शिक्षक नहुँदा पनि प्रविधिबाट पढ्ने पढाउने अवसर । अवसर नदेख्नेहरूलाई भने कोरोना कहरै बनेको छ ।

मोलुङ फाउन्डेसनले बहुआयामिक ज्ञानको बाहक *मोलुङ ज्ञानप्रवाह* शीर्षकको शिक्षाप्रधान मासिक पत्रिका प्रकाशन गर्न लागेको कुरा थाहा पाउँदा धेरै खुसी लागेको छ । यस पत्रिकाले बालबालिका, किशोर किशोरीलगायत समग्र राष्ट्र र समाजलाई सिर्जनशील र जागरूक बनाउन उल्लेखनीय योगदान पुऱ्याउन सकोस् ।

बडादसैं २०७८ को पावन अवसरमा हार्दिक मङ्गलमय शुभकामना !

Estd. 2014
Vinayak Siddha College

प्राचार्य
तथा समस्त विद्यालय परिवार
विनायकसिद्ध कलेज चाबहिल, काठमाडौं

---

मोलुङ फाउन्डेसनले बहुआयामिक ज्ञानको बाहकको रूपमा मोलुङ ज्ञानप्रवाह शीर्षकको शिक्षाप्रधान मासिक पत्रिका प्रकाशन गर्न लागेको कुरा थाहा पाउँदा अत्यन्त खुसी लागेको छ । यस पत्रिकाले निरन्तर रूपमा बालबालिका, किशोर किशोरी, युवालगायत देश विदेशमा रहेका आम नेपाली तथा समग्र राष्ट्र र समाजलाई सिर्जनशील र सचेत बनाउन उल्लेखनीय योगदान पुऱ्याउन सकोस् ।

बडादसैं २०७८ को पावन अवसरमा मङ्गलमय शुभकामना !

***प्राचार्य***
***तथा समस्त कलेज परिवार***
***नेपालय कलेज***
कलङ्की, काठमाडौं

*हामी प्राणी*

# हामी प्राणी



विनोद दाहाल
कपन, काठमाडौँ

हामी प्राणी हौँ । प्राणी भनेको प्राण भएको वा सास फेरेर बाँच्ने जीव भनेर बुझ्नुपर्ने हुन्छ । संसारमा हामी लाखौँ प्रकारका प्राणीहरू छौँ । हिन्दु धर्मशास्त्रले संसारमा चौरासी लाख प्रकारका प्राणीहरू छन् भनेर हाम्रो अनुमानित प्रकार बताएको छ । विज्ञानले संसारभरिका सबै प्राणी एउटै मूल प्राणीबाट विभिन्न प्राणीका रूपमा विकसित बनेका हुन् भनेको छ ।
यसो हुँदा एउटा प्राणीका जातिबाट विभिन्न उपजाति वा प्रजाति छुट्टिने क्रम अहिले पनि जारी छ भन्न सकिन्छ । मृग, जरायो, कृष्णसार, हरिण, कस्तुरी आदि एउटा जातिबाट विकसित भएका प्रजाति हुन् । यसैगरी बिरालो, चरिबाघ, चितुवा, बाघ, सिंह एउटा जातिबाट विकसित भएका प्रजाति हुन् । त्यसैले हाम्रो प्रकार वा सङ्ख्या तोक्नु सम्भव हुने काम होइन । तैपनि हामी संसारभरि लाखौं प्रकारका प्राणी छौँ भनेर अनुमान गर्न सकिन्छ ।
हाम्रो आहारविहार, बासस्थान, स्वभाव आदिलाई हेरेर मानिसले विभिन्न ढङ्गले हाम्रो वर्गीकरण गरेका छन् । मासु खाने र घाँस खाने, बच्चा जन्माउने र फुल पार्ने, दुध चुस्ने र नचुस्ने, जलचर, स्थलचर र उभयचर, घस्रिएर हिँड्ने र उभिएर हिँड्ने आदि हामी विभिन्न ढङ्गले हेर्दा फरक फरक देखिने विभिन्न प्रकारका प्राणीहरू छौँ । यीमध्ये यहाँ हामी घरपालुवा प्राणीहरू यसरी आफ्नो परिचय दिन्छौँ :
हामी घरपालुवा प्राणी हौँ परापूर्व कालदेखि नै हामी मानिसका साथी बन्दै आयौँ र उनीहरूसँगै घरपालुवा बनेर रह्यौँ । हाम्रा जातका केही प्राणीहरू अझैसम्म पनि जङ्गली अवस्थामै छन् । उनीहरूलाई वनजङ्गल नै प्यारो

छ । उनीहरू मानिसका नजिक बन्न नै चाहँदैनन् । मानिसदेखि उनीहरू टाढा टाढा भाग्छन् ।

हामी घरपालुवा भैंसी जस्तै जङ्गली भैंसी अर्ना जङ्गली गाई गौरीगाई, नीलगाई, चौंरी, जङ्गली भेडा नाउर, चिरू, झारल, वन बिरालो वन कुकुर, वनघोडा वा जेब्रा, वन बाख्रा आदि अझै पनि जङ्गली अवस्थामै छन् । हामी भने मानिससँगै रत्तिएका छौँ । मानिसले हामीलाई माया गरेर पालेका छन् र हामीबाट सकेसम्म फाइदा पनि लिएका छन् ।

हामीबाट सवारीको काम, भारी बोक्ने काम, हलो जोत्ने र गाढा तान्ने काम मात्र होइन दुध, मासु ऊन छाला आदि प्राप्त गरेर उनीहरूले फाइदा उठाउँदै आएका छन् । हामीले पनि उनीहरूबाट स्नेह पाएका छौँ । हामीमध्ये कतिलाई सुरक्षा र सोखका लागि पनि पालिन्छ । जे होस् हामी हजारौँ वर्षदेखि मानिससँग आत्मीय भएर रहेका छौँ यस्ता घर पालुवा प्राणीहरू हामी निम्न अनुसारका छौँ र आफ्नो परिचय हामी क्रमिक रूपमा यसरी दिन्छौँ :

**चौंरी**

म चौंरी हुँ । म गाईकै एउटा प्रजाति हुँ । गाईकै प्रजाति भए तापनि म शारीरिक रूपमा सामान्य गाईभन्दा भिन्न देखिन्छु । मलाई अङ्ग्रेजीमा याक (Yak) भनिन्छ । म हिमाली क्षेत्रमा बस्छु । गर्मी ठाउँमा बस्न म सक्दिन । मेरो शरीरको रङ कालो, खैरो वा सेतोलगायत विभिन्न प्रकारको हुन्छ । मेरो शरीर निकै ठुलो हुन्छ र लामा लामा रौंले ढाकिएको हुन्छ । छोटा कान, घेप्टो टाउको र अगाडि फर्किएर घुम्रिएका सिङ मेरा विशेषता हुन् । म चारखुट्टे जनावर हुँ । मेरो पुच्छर झ्याम्म परेका रौंले ढाकिएको हुन्छ । यसलाई चम्मर भनिन्छ । मानिसहरूले देवदेवताका पूजामा यसले हम्किने गर्छन् ।

अरु प्रजातिका गाई र मेरो संसर्गबाट पनि बच्चा जन्मिन्छन् । यस्ता वर्णशङ्कर बच्चालाई बोलिचालीको भाषामा जोक्पे भन्ने गरिन्छ । यस्ता जोक्पे निकै दुधालु हुन्छन् । मेरा घाँटी, काँध, जुरामा लामा लामा रौं हुन्छन् । म दुई मिटर अग्लो हुन्छु र लम्बाइ तीन मिटर जतिको हुन्छ । मेरो तौल पाँचसय पचास किलोग्राम सम्म हुन्छ ।

म घरपालुवा जनावर हुँ । हुनत मेरा सजातीय चौंरी गाईमध्ये अझै केही जङ्गली अवस्थामै छन् तर अब ती लोप भइसकेको अनुमान गरिएको छ । म भने हजारौं वर्षदेखि मानिसको साथी बन्दै आइरहेको छु । मानिसका लागि म निकै उपयोगी प्राणी हुँ । म निकै दुधालु हुन्छु । मेरो दुधबाट चीज, छुर्पी, पनिर, बटर आदिका साथै स्थानीय तहमा दुध, दही, घिउ जस्ता खाद्य पदार्थ बनाइन्छन् । मेरा चार ओटा थुन हुन्छन् । मेरा रौं, पुच्छर र छालाको व्यापारबाट पनि मानिसले लाभ लिइरहेका छन् ।

म शुद्ध शाकाहारी प्राणी हुँ । म घाँसपात र मानिसले खुवाएको अन्न, कुँडो, खोले आदि खान्छु । मानिसहरूले मलाई भारी बोक्ने काममा पनि प्रयोग गर्ने गरेका छन् । म बलियो हुने भएको हुँदा निकै गह्रौं भारी पनि बोक्न सक्छु ।

म स्तनपायी प्राणीका वर्गमा पर्छु । म बच्चा जन्माउँछु र दुध चुसाउँछु । गर्भाधारणको नौ महिनापछि मेरी पोथीले बच्चा जन्माउँछे । हाम्रो एकपटकमा एउटामात्र बच्चा जन्मिन्छ । मेरी पोथीलाई नाक भनिन्छ । मानिसको अभिन्न मित्रका रूपमा रहेको म बिस बाइस वर्षसम्म बाँच्छु ।


मोलुङ फाउन्डेसनले बहुआयामिक ज्ञानको बाहकको रूपमा *मोलुङ ज्ञानप्रवाह* शीर्षकको शिक्षाप्रधान मासिक पत्रिका प्रकाशन गर्न लागेको कुरा थाहा पाउँदा खुसी लागेको छ । यस पत्रिकाले बालबालिका, किशोर किशोरीलगायत आम नेपाली तथा समग्र राष्ट्र र समाजलाई सिर्जनशील र जागरूक बनाउन उल्लेखनीय योगदान पुऱ्याउन सकोस् ।

बडादसैं २०७८ को पावन अवसरमा हार्दिक मङ्गलमय शुभकामना !

प्राचार्य
तथा समस्त विद्यालय परिवार
दीक्षालय फाउन्डेसन नेपाल

*Essay*

# The Ignored Reality



Aagya Lamsal
Grade 8
Gaindakot English School
Nawalpur, Nepal

There are many problems prevailing in the world which are ignored by humans and one of the ignored problems is climate change. Climate change means change in the global temperature which harms the living organisms existing in the environment. People nowadays are neglecting the fact that climate change is a serious issue. Due to human activities climate change is taking place and its impacts are increasing day by day. They can be harmful to human beings themselves in future.

Climate change is caused by various human activities. Let's take simple examples. We throw the wrappers of junk foods like noodles, chocolates etc. in the road which cause pollution and that in turn leads to climate change. Likewise, deforestation is one of the causes of climate change, we cut trees for development activities but the question is: have we ever realized that on the other hand we are causing climate change? No, we do not think of the consequences of our own actions. That's why it is said that if we cut one tree we should plant ten trees instead. Before cutting a tree we should think one hundred times "if I cut just a tree how many problems am I inviting?" These are just a few examples. There are many things that we do in our daily life which cause climate change.

Have we ever known that causing climate change may lead to harmful impact? There are many impacts of climate change Drought, temperature rise, rising of the sea level, storms and other natural disasters. Not only these it harms animal and humans too. Due to deforestation animals lose their habitat and many animals also get killed not only animals but also humans suffer, landslide and flood like disasters occur which damage the infrastructures and also may kill some of the human beings. We know that climate change not only affects the environment but also affects people, animals, developing activities going on and many more others existing in our environment.

Every problem has an end or a solution. Likewise, there are some of the solutions of climate change which help, in reducing or managing it. Protecting the trees, keeping our environment clean, by using electric vehicle which will not make the air polluted are some of the solutions to the problem of climate change. We can protect trees by making strict rules against it and cleaning the environment can be done by throwing the dust in the proper place. Likewise we can propery dispose the waste materials so that they cannot produce more pollution. We can also do recycling of the thinhs that have becme unusable and reduce the pollution. Minimizing climate change will lead a healthy environment and prosperous life.

We thus should understand that environment is our shelter and if the environment is clean and healthy our life will also be good and healthy environment will give us positive vibe. Hence, let us get together to stop climate change and protect our environment.

We are happy to know that Molung Foundation is going to publish *Molung Guyanpravaha* as a carrier of multidimensional knowledge and scholarship . We hope this magazine will contribute to making children and adults more creative and critical for the overall development of the country .

May upcoming Dashai festival bring in health and happiness to all!

**Principal**
and the entire school family
Nesfield International College
Lalitpur, Nepal

(T.U. affiliate)
Nesfield
INTERNATIONAL COLLEGE

*Essay*

# Kids' Screen Time

Babita Homagai
Kolkatta, India
homagaibabita@gmail.com



We have been using different technologies since when they were invented. As times are passing, so technologies are advancing. There was a time when it was very hard to communicate with family members, friends and all. But nowadays it is quite easy to do with updated technology and these technologies are much more than a communication device. As a result, kids are also uptodate with technology. Of course, it can affect kids positively and negatively too.

This advance technology has increased the screen time of kids. So, let us understand what screen time is all about.. Screen time means how much you time spend in front of screen in your entire day – It can be using mobile phones, sitting in front of laptop/ computer, watching TV, playing video games etc.

It seems that they are addicted to screen time but of course, it is an environment created by us only. Being a busy parent it's easy to engage child with screen time. but that will not be going to give us solution. Though it has some benefit but it is affecting kids in a harmful manner. Do you ever think of it?

Children have basically followed aspects of development:

Physical development
Intellectual development
Language development
Cognitive and behavioral development

Kids have to grow these qualities in them in natural environment but too much use of technologies might as well have adverse effects. So, here are some negative effects of excessive use of screen time.

1. Poor physical health: it affects sleep and appetite of children.
2. Less social interaction: they can have less time with family and friends.
3. Lack of attention to creativity and less concentration on serious studies.
4. The poor performance of motor skills, communication and problem- solving skills.
5. Less engagement in physical activities that can lead to overweight/obesity in kids.
6. The harmful impact on early-stage development.
7. It badly effects child's eyesight

And if a child uses the screen time with parental control, then there can be positive impact too. So, here are some points given below:

1. Being update with technology helps kids in school learning. We have proven this in this pandemic situation. Although kids are not going to school these days, their education is continuing with this technology.
2. Smartphone gives us fun and interesting way of learning. For example, animated stories rhymes and colourful pictures that make things more interesting.
3. It increases exposure to knowledge, culture and way of thinking. Because of smart phones children can learn anything from sitting at home about various things in the globe
4. It enhances their cognitive and social development. Children can remain connected to their extended family members and friends.

So, being updated with technology is a good thing. But the more important thing is that we should know the use of safe devices and make sure as a parent we can keep balance between screen time and other activities of our children.

We are happy to know that Molung Foundation is going to publish an education focused magazine *Molung Guyanpravaha* as a carrier of knowledge and information. We hope this magazine will contribute to making our children and adults more creative and critical.

May upcoming Dashai festival bring in health and happiness to all!

**Principal**
and the entire school family
Nexus International Academy
Pepsicola, Kathmandu



*अन्तरक्रिया*

# नारीको शृङ्गार बौद्धिक सक्षमता हो

प्रा.डा. सुधा त्रिपाठी



*शैक्षिक एवं साहित्यिक क्षेत्रमा एक परिचित नाम हो प्रा.डा. सुधा त्रिपाठी । पिता प्रा. जगन्नाथ त्रिपाठी र माता भवानीदेवी त्रिपाठीकी पहिलो सन्तानका रूपमा वि.स. २०१५ मा दार्जिलिङको मिरिकमा जन्मिनु भएकी त्रिपाठी प्रगतिवादी, नारीवादी सशक्त महिला साहित्यकार हुनुहुन्छ । कविता, निबन्ध, नाटक र समालोचनामा कलम चलाउने त्रिपाठीका दर्जन भन्दा बढी कृतिहरू प्रकाशित छन् । झन्डै उहाँले साँढे तीन दशक त्रिभुवन विश्वविद्यालयमा प्राध्यापन गर्नुभएको छ । उहाँले विश्वविद्यालयको पहिलो महिला शिक्षाध्यक्ष (रेक्टर) समेत भएर आफ्नो कार्यकाल सफतापूर्वक सम्पन्न गर्नु भएको छ । अहिले अवकाश प्राप्त जीवन बिताइरहनुभएकी डा. त्रिपाठीसँग इन्दु अंशुले गर्नुभएको कुराकानीका सम्पादित अंशहरू :*

**इन्दु अंशु :** यहाँले हजारौं छात्रालाई शिक्षा प्रदान गर्नुभएको छ । विश्वविद्यालयमा साहित्य पढाउदा नारीवादी दृष्टिकोणबाट थुप्रै व्याख्या विश्लेषण गर्नुभएको छ । आफ्नो विद्यावारिधिमा समेत नारीवादलाई खोज अनुसन्धान गर्नु भएको छ । अनुसन्धातालाई पनि नारीवादी दृष्टिकोणबाट खोज अनुसन्धान गर्न प्रेरित गर्नुहुन्छ । आफ्नो अनुभवमा नारी को हुन् र उनको महिमा के छ ? अत्यन्त सरल भाषामा प्रष्ट्याइदिनुहोस् न ।

**डा. त्रिपाठी :** धेरै राम्रो प्रश्न गर्नुभयो । प्रश्नका लागि धन्यवाद । हो मैले पढाउने क्रममा हजारौं छात्राहरूलाई पढाएँ । अध्ययन अनुसन्धान गरें । यसबाट मैले के बुझें भने नारी हुनु भनेको एउटा पूर्ण मानव हुनु हो जसले जीवनलाई सम्पूर्ण रूपमा भोग्न पाउँछ । आज म जहाँ छु नारी भएको भएरै छु र मैले जे जति बौद्धिक ऊर्जा/सम्पत्ति आर्जन गर्न सकें त्यो नारी भएकीले नै गर्न सकेकी हुँ । त्यसले म आफूलाई नारी भएकोमा गर्व गर्छु । सृष्टिकर्ता नारीको महिमा धेरै छ । जसलाई नेपाली समाज र नारी आफैले पनि चिन्न सकेका छैनन् ।

**इन्दु अंशु :** नेपाली साहित्यका थुप्रै कृतिहरू पढ्नुभएको छ । नारी पात्रको प्रस्तुति पनि देख्नुभएको छ । आफ्नै कृतिमा पनि नारी पात्रहरू उभ्याउनु भएको

छ । नारीको मनोदशा प्रस्तुत गर्नुभएको छ । के यी कृतिहरूमा महिलाको यथार्थ चित्रण पाउनु हुन्छ ?

**डा. त्रिपाठी :** अहँ ! पाउँदिन । चालिसको दशक अगाडि लेखिएका कृतिहरू पितृसत्तात्मक ग्रन्थिबाट ग्रसित छन् महिला पात्र । पुरूष साहित्यकारहरूले आफ्नो विरासत जोगाउन अझ मलजल गरेका छन् भने महिला साहित्यकारहरूले तथाकथित पुरूषहरूकै दासत्वलाई स्वीकार गर्न तछाडमछाड गरेको देखिन्छ । त्यसपछि केही महिला साहित्यकारले नारी पात्रलाई दासत्व मोचन गर्दै उभ्याए तर कहिल्यै आफूलाई नारीवादी हुँ भन्न रूचाएनन् । म तिनीहरूलाई आँट नभएका भन्छु । नारीका विषयमा लेख्नुपर्छ । नारीलाई पितृसत्ताको दास बनाउनु हुँदैन भनेर म एक्लैले पचास र साठीको दशकभरि सभा समारोह, कार्याशाला, गोष्ठीहरूमा बोल्दा महिलाहरूले नै मलाई नारीवादी विषय प्रस्तुत गर्ने होला, होइन भन्दै व्यङ्ग्य गर्थे । अरूको के कुरा "कारागार" जस्तो नारीवादी दृष्टिकोण बोकेको उपन्यास लेख्ने डा. बानिरा गिरी समेत आफूलाई नारीवादी साहित्यकारका रूपमा उभिन चाहनुहुन्नथ्यो जस्तो आभास हुन्छ । त्यसैले धेरै त महिलाका बारेमा लेखिएनन् जति लेखिए ती कि त पितृसत्ता अनुकूल लेखिए कि त दासत्वलाई पृष्ठपोषण गर्ने गरी लेखिए । महिलाको यथार्थ चित्रण त परको कुरा भइ गयो नि ! तर साठी पछि भने केही नारीवादी भएर लेख्नेको सङ्ख्या बढेको छ, त्यसमा महिला पुरूष दुबै पर्छन् । कृतिहरूमा केही हदसम्म यथार्थ चित्रण गरिएको पनि छ । यतिले चाँहि पुग्दैन ।

**इन्दु अंशु :** नारी आफैमा सृष्टिकर्ता हुन् । त्यसैले उनको भूमिका पनि अग्रणी हुन्छ । यथार्थमा महिलामा कस्तो शक्ति विद्यामान हुन्छ, सिर्जना शक्ति वा नेतृत्व शक्ति ?

**डा. त्रिपाठी** : साह्रै राम्रो प्रश्न गर्नुभयो । आफैंले भन्नुभयो- 'नारी आफैमा सृष्टिकर्ता हुन् ।' यसबाट नारीमा अद्भूत सिर्जना शक्ति छ भन्ने प्रस्ट छ । 'सिर्जना' शब्द त्यतिमा मात्र सीमित छैन । नारीले घर, परिवार, समाज र राष्ट्र सिर्जना गर्छिन् । यो देखिएकै कुरा भयो । त्यो भन्दा पनि ठुलो कुरा नारीले प्रतिकूल समय, परिस्थिति र वातावरणलाई अनुकूल बनाउने सामर्थ्य राख्छिन् । तत्काल निर्णय गर्ने क्षमतादेखि दीर्घकालसम्म सोच्ने शक्ति राख्ने महिलामा अवश्य पनि नेतृत्व शक्ति हुन्छ, त्यो पनि कुशल नेतृत्व । अहिलेसम्म जो जति महिला देशको उच्च पद पुगे कहिल्यै अख्तियारले उनीहरूलाई अख्तियार

दुरूपयोगको अभियोगमा चिठी काटेको सुन्नु परेको छैन । म आफै पनि धेरै वर्ष प्राज्ञिक क्षेत्रमा काम गर्दाको अनुभवले भन्छु- पुरुष जति कुरौटे महिला हुँदैनन् । समाजमा चाहिं कुरौटेको पगरी महिलालाई गुथाइएको छ तर म मान्दिन । बरू काम बिगार्ने, खुट्टा तान्ने, अर्काको कुरा काट्ने, कसरी हुन्छ अरुलाई असफल बनाउने जस्ता काम गर्ने पुरूष प्राज्ञिक थलोमै पनि देखेकी छु तर मैले महिलालाई इमान्दार, जिम्मेवार र कर्तव्यनिष्ठ देख्छु । त्यसको प्रयोग मैले आफैमाथि गरें । म शिक्षाध्यक्ष हुँदा सबैले मलाई एक महिला त्यो पनि नेपाली विषयकी भनेर हेय दृष्टिले हेरेका थिए होलान् । मैले त्यही बेला यी दुबै चुनौतीलाई सहजरूपमा लिएर आफ्नो कार्य गर्न तिर लागें । तर मेरो कार्यकाल सकिँदा 'तपाइँ जस्तो शिक्षाध्यक्ष फेरि कहिले पाउला विश्वविद्यालयले' भन्नेहरू पनि भए ।

**इन्दु अंशु** : किन महिलाहरू कस्मेटिक सौन्दर्य रूचाउँछन् ? नारीको सौन्दर्य के हो ? बौद्धिक सक्षमता कि शृङ्गार ?

**डा. त्रिपाठी** : यो अत्यन्त महत्त्वपूर्ण र सबै नारीहरूले मनन गर्नु पर्ने प्रश्न गर्नुभयो । म पहिला महिलाले किन कस्मेटिक सौन्दर्य रूचाउँछन् भन्ने कुरा गर्छु । हाम्रो पूर्वीय समाज र संस्कारले पितृसत्तालाई टिकाइ राख्न सौन्दर्यलाई हतियार बनायो । पुरूषले आफूलाई शक्तिमान् शासक ठान्छ । शासक भइसकेपछि शासन त गर्नै पऱ्यो । शासन कोमाथि गर्ने ? जो कमजोर छ वा जसलाई कमजोर बनाउन सकिन्छ उसैमाथि गर्ने हो । पितृसत्ताले आफ्नो शासन महिला माथि गऱ्यो । त्यसको मतलब महिला कालान्तरदेखि कमजोर नै थिए त भन्ने प्रश्न उठ्छ । कदापि थिएनन्, मातृशक्तिको इतिहास हामीले पढेका छौं । हो, महिलालाई कमजोर बनाइयो । उनीहरूलाई बाहिरी शृङ्गारमा भुलाएर बौद्धिक रूपमा निष्क्रिय बनाइयो । यो कुरा महिलाले बुझ्न नसकेका कारण आज पनि हामी त्यही हतियारको चोट खाइरहन्छौं । सोह्र शृङ्गार गर्न कति समय लाग्छ होला ? अनि त्यो समय महिलाले उपलब्धिमूलक कार्यमा लगाए महिला सक्षम हुने भए । सक्षम भइसकेपछि उनीहरूमाथि हैकम जमाउन नपाउने भए पुरूषले । नारी होस् या पुरूष दुबैको सौन्दर्य भनेको ज्ञान हो, विवेक हो, बौद्धिक क्षमता हो । त्यसैले अवश्य पनि बौद्धिक सक्षमतामै छ सौन्दर्य । फोहोरी भएर नहिँड्नु । आफ्नो व्यक्तित्व सुहाउँदो, सुरूचिपूर्ण लवाइखवाइ हुनु पर्छ । लथालिङ्ग जीवनशैली हुनु हुँदैन । म तपाईलाई मेरो जीवनको एउटा घटना सुनाउछु- पन्ध्र सोह्र वर्ष अगाडि दोलखामा आफन्तको बिहेमा मलाई

निम्तो थियो । त्यो बिहेमा गएँ । बिहेमा महिलाहरू जन्ती जाने चलन चलिसकेको थियो । मलाई पनि जन्ती जानुपर्छ है दिदी भने । मैले हुन्छ जान्छु भनेकी थिएँ । जन्ती जाने दिन दिदीबहिनीहरूको परिरहन देखेर मलाई अलि अप्ठ्यारो लाग्यो । म सधैँ सरल साधारण पहिरन गर्ने । दिदी बहिनीको छेउमा अति साधारण नै देखिएँ । म जान्न है नानी हो जन्त । तिमीहरू जाओ देख्नेले पनि तिमीहरूलाई -'हेर ! तिमीहरूको दिदी त कस्ती भनेर गिज्याउलान्' भनें । त्यसपछि उनीहरूले जवाफमा भने- 'दिदीको जस्तो अब्बल देखिने चिज हाम्रो के छ र ? हजुरले त केही शृङ्गार नगरे पनि देखिने कमाएको नाम छ । हामीसँग केही छैन । त्यसैले यिनै गरगहना, कपडा र शृङ्गारले भरिएको अनुहार देखाउँछौं ।' त्यो कुरा अहिले पनि मेरो मनमा खिल झैं बिझिरहन्छ । आखिर चेतना भएर पनि उनीहरू दासत्वबाट मुक्त हुन सकेनन् । पढे लेखेकै नारीवादी साथीहरू पनि तिजको व्रतको कुरा गर्नु हुन्छ (एकदिन स्वास्थ्यकै लागि भए पनि व्रत बसेकी भनेर भन्नुहुन्छ । यसरी हामी जानेर वा नजानेर दलदलमा फसिरहेकै छौं ।

**इन्दु अंशु**: अपार सक्षमता भएकी पूर्ण नारी किन समाजमा जहिले पनि पूरकको रूपमा आउँछिन् ?

**डा. त्रिपाठी** : मैले अघि नै माथि उठाएकै कुरा हो । पितृसत्तात्मक सोच र दासत्वले भरिएको भावनाले गर्दा जहिले पनि महिलालाई पूरकको रूपमा हेरिन्छ र त्यस्तै भूमिका पनि दिइन्छ । तपाईको अर्को प्रश्न "हाम्रो समाजमा अपवादबाहेक हरेक घरमा हजुरबुबाले भनेको गलत नै भएपनि घरका सबैले मान्नु पर्ने । हजुरआमा सोचेर बोल्ने, निर्णायक भूमिका निभाउन सक्ने हुँदाहुँदै पनि हजुरबुबाले भनेकै मान्नु पर्ने । आ ! हामी छोरी मान्छेले भनेको कसले सुन्छन् र ? भनेर चित्त बुझाउने बाध्यता हुने । यतिसम्म कि आमाले आफैले जन्माएको छोराले पनि आमालाई 'आइमाई' भएर यो गर्ने यो नगर्ने भनेर सिकाउने । अनि महिला जे जस्तो ज्यादती हुँदा पनि सहेर बस्ने पछ्यौटे संस्कार विकास कसरी भयो ?" लाई पनि यही जोड्छु । यस्तो संस्कारको विकास हुनुको मूल कारण नै दासत्व स्विकार गर्नु हो । जसले यस्तो संस्कारलाई तोड्न खोज्छ उसलाई समाजले दण्ड दिन्छ । अनि कसको आँट हुन्छ र बोल्ने ? त्यसैले आजसम्म कुसंस्कारहरू हट्न सकेका छैनन् ।

**इन्दु अंशु**: कुसंस्कारलाई प्रेमको नाम दिन्छन्, त्यो चाँहि के हो ?

**डा. त्रिपाठी** : त्यो सबै बन्धन हो । भ्रामक शासन नै हो । अरू त होइन शिक्षित भनेका महिलाहरू नै यसको पृष्ठपोषण गर्छन् । उनीहरूको सोच देखेर उदेक लाग्छ ।

**इन्दु अंशु**: महिलाले आफ्नो वास्तविकता नबुझेकै हुन् त ?

**डा. त्रिपाठी** : अवश्य ! बुझेकै छैनन् र बुझ्न दिइएको छैन ।

**इन्दु अंशु** : यहाँ त छोरीले पढ्नु हुदैन । छोरीले पढे घर परिवार, समाज बिगार्छन् भन्ने समयमा जन्मिनुभयो । परिवार राम्रो भएर पढ्न पाउनुभयो । त्यो अँध्यारो युगलाई चिरेर उज्यालो जीवन भेट्नुभयो । धेरै साथीहरू अँध्यारोमै हराए । महिलाप्रति समाजले हेर्ने दृष्टिकोण पहिले र अहिलेमा के फरक पाउनुहुन्छ ?

**डा. त्रिपाठी** : पहिला र अहिलेमा भयङ्कर त्यस्तो परिवर्तन केही छैन । एउटा फरक भनेको पहिला छोरीले पढ्नै हुँदैन भन्ने थियो भने अहिले पढ्नसम्म पाउने भए । तर त्यहाँ पनि छोरा बोर्डिङ स्कुल जाँदा छोरी सरकारी स्कुल पठाइन्छन् । के परिवर्तन भएको छ भनुँ । छोरीले पढे पढेकै ज्वाइँ पाउँछे भन्ने हुन्थ्यो अहिले पनि त्यस्तै त्यस्तै नै छ । मेरो चाँहि बुबा प्राध्यापक । उहाँ आफैले सङ्घर्ष गरेर पढ्नु भयो । पढाइको महत्व बुझ्नु भएको हुनाले मलाई स्कुल जान रोक्नु भएन । आमाले संधै भन्नुहुन्थ्यो- 'छोराले बरू ओढारमै बसेर पनि ज्यान पाल्छन्, छोरीलाई पढाउनु पर्छ ।' तर समाजले त्यो बेला पनि छोरीले पढेर के गर्छन् ? भन्ने सोच राख्थ्यो अहिले पनि त्यो सोचमा देखावटी केही परिवर्तन भए पनि आमूल परिवर्तन भएको छैन । समाजको दृष्टिकोण बदल्न औँलामा गन्न मिल्ने महिलाले प्रयत्न गरिरहेका छन्, यो राम्रो पक्ष हो ।

**इन्दु अंशु**: नारी सक्षम हुन परिवार, समाज र राज्यको कस्तो भूमिका हुनुपर्छ ?

**डा. त्रिपाठी** : नारीलाई सक्षम बनाउनै पर्दैन, उनीहरू आफै सक्षम छन् । मात्र उनीहरूलाई अगाडि बढ्न, कार्य कुशलता प्रदर्शन गर्न, निर्वाध निर्णय गर्न स्वतन्त्र छोड्नु पर्‍यो । अनि एउटा असल र सभ्य समाजको निर्माण हुन्छ । तर यथार्थमा भएको के छ भने घर परिवारले केही कुरा गर्न पनि बन्देज लगाउँछ । समाजले केही गरिहाले औँला ठड्याउँछ । अनि राज्यले संरक्षकको भूमिका निभाउनु पर्नेमा रमिता हेरेर बस्छ । आफ्ना कार्यकर्ताले तोडमोड गरेर सुनाएका कुरा सुन्छ । वास्तविकता के हो बुझ्न खोज्दैन बरू कान थुन्छ । महिलाका हक हितका लागि महिलाले मात्र बोल्ने होइन । बोल्नुपर्छ बुद्धिजीवीले, प्राज्ञिक व्यक्तिले, महिला उत्थानमा लागेकाले, समाजमा रहेका अन्य पुरूषले । हामी

दलित, जनजाति भन्छौं, सीमान्तकृत समुदाय भन्छौं यी सबैले कहाँ आफ्ना लागि बोल्न सक्छन् ? सबैले मिलेर बोल्नुपर्छ र पो उनीहरूको पहिचान हुन्छ, जीवन सार्थक हुन्छ, रीतिरिवाज, भाषा र संस्कृति लोप हुनबाट बच्छ । नीति निर्माण हुन्छन्, अधिकार पाउँछन् । त्यसैले नारी सक्षम बनाउन घर, समाज र राज्यको अहम् भूमिका हुनुपर्छ ।

**इन्दु अंशु** : महिलाका लागि अहिलेको समय अवसर हो कि चुनौती ?

**डा. त्रिपाठी** : अवसरभन्दा बढी चुनौती छन् ।

**इन्दु अंशु** : अवसर हो भने यो अवसरको पूर्ण फाइदा लिन सकेका छन् त ?

**डा. त्रिपाठी** : छैनन् ।

**इन्दु अंशु** : यहाँले त्रिभुवन विश्वविद्यालयको शिक्षाध्यक्ष जस्तो गरिमामय पदमा रहेर पनि काम गर्ने अवसर पाउनुभयो । विश्वविद्यालयको पाठ्यक्रम महिला जागरणका निम्ति पर्याप्त छ वा छैन नभए अब के गर्नु पर्ला ?

**डा. त्रिपाठी** : यहाँले भन्नुभएको ठिक हो, म शिक्षाध्यक्ष भएर काम गर्ने अवसर पाएँ । त्यो अवसरले मलाई धेरै कुरा सिकायो, देखायो । हामीले बाहिरबाट हेरेदेखे जस्तो केही कुरा हुँदैन । यहाँ पनि त्यस्तै हो । कतिपय काम समन्वयको अभावमा राम्रो हुन सक्दैन भने कतिपय आर्थिक कारणले रोकिन्छ । सरकारले दिएको ४० प्रतिशत खर्चले प्राध्यापकहरूलाई तलब दिनै पुग्दैन । पाठ्यक्रम संशोधन, परिमार्जन र नवीन थप कामका लागि कुरा नगरौं । गर्न चाहेर पनि गर्न नसकिने कारण पनि महत्त्वपूर्ण छन् । तर पाठ्यक्रम परिमार्जन या नयाँ विषय थप नभएका होइनन्, भएका छन् । यति नै पर्याप्त छन् है भन्ने चाहिं होइन । समयअनुसार पाठ्यक्रम परिमार्जन, नयाँ विषय थप्नेदेखि सेमेस्टर लागु गर्नसम्म विश्वविद्यालय लागिपरिरहेकै छ । गुणस्तर शिक्षा प्रदान गरेर दक्ष जनशक्ति उत्पादन गर्न मैले हरसम्भव प्रयास गरेकी छु ।

**इन्दु अंशु**: प्रतिकूल वातावरणमा पनि कसरी सफल बन्ने ? आफ्नै जीवन भोगाइबाट सिकेका कुराहरू बताइ दिनुस् न ।

**डा. त्रिपाठी** : मेरो जीवन भोगाइ सङ्घर्ष र चुनौतीले भरिएको छ । मेरा बुबा आमाले साहस गर्नुभयो समाजमा विद्रोह गर्न । किनकि त्यस बेला छोरीलाई पढाउनु भनेको समाजको विपरीत जानु थियो । उहाँहरूले गर्नु भएको त्यो विद्रोहसँगै मेरो सङ्घर्ष सुरु भयो । त्यसपछिका बाँकी काम सबै मैले गर्नु पर्थ्यो । तर म लडिरहें । मलाई घरपरिवारबाट प्राप्त सहयोगले अगाडि बढ्न प्रेरणा मिल्थ्यो । फलानाले छोरी पढायो । तिम्री छोरी यस्ती, उस्ती र बिग्री भनेर

बुबालाई सुनाउनेहरू पनि नभएका होइनन् । तर बुबा कसैको कुरा सुन्नुहुन्नथ्यो बरू उल्टै उनीहरूलाई भन्नु हुन्थ्यो- 'मेरी छोरी कस्ती छ मलाई थाहा छ ।' भनेर । बिहे गरेपछि पनि श्रीमान्बाट मैले नैतिक समर्थन पाएँ । यति भएपछि बाँकी व्यवहार आफैले मिलाएँ । म दिदीबहिनीहरूलाई के भन्छु भनें–श्रम गर्न नभागौं । हाम्रो शरीरलाई जति काम लगायो त्यति बलियो हुने हो । घर व्यवहारमा आइपर्ने समस्या सबैका उस्तै उस्तै नै हुन्छन् । आर्थिक समस्या, छोराछोरी सँगसँगै हुर्काउनु पर्ने, यो पनि गर्नुपर्ने, त्यो पनि गर्नुपर्ने समस्या । तर यी समस्याका बिचमा हामीले व्यवस्थापन गर्न सक्नुपर्छ । म छोरीहरू साना हुँदा तीन घण्टा मात्र सुत्थें । घरको सबै काम सकेर कीर्तिपुर पढाउन पुग्नु पर्थ्यो । जागिर खानु परिहाल्यो । पढ्नु लेख्नु परिहाल्यो । सामान्य गृहस्थ जीवनमा गर्नुपर्ने सबै कामदेखि प्राध्यापनको कामसम्म एक साथ लान्थें । विलासी चाहिं बन्नु हुंदैन । पढेको छैन भने भाँडै माझेर भए पनि आफूलाई सबल बनाऊ तर श्रीमान्सँग मात्र आश्रित नबन । जसले पनि खट्न चाँहि सक्नु पर्छ भन्छु म ।

**इन्दु अंशु** : यहाँले घरायसी जीवनमा श्रीमान्बाट के कस्तो सहयोग पाउनुहुन्छ ?

**डा. त्रिपाठी** : उहाँको घरपरिवारका प्रति सदासयता छ सहयोगी भावना पनि छ तर बाहिरको कार्यव्यस्तताले पनि होला घर व्यवहारमा भौतिक रूपले सरसहयोग गर्न समय दिनुहुन्न । कहिलेकाहीँ त उहाँको स्वभाव र बानी व्यवहार नै त्यस्तै हो कि जस्तो पनि लाग्छ फेरि पनि मेरो खासै गुनासो छैन । त्यसकै कारणले असमझदारी पनि छैन । सुख र सन्तोषपूर्वक जीवन चलिरहेकै छ ।

**इन्दु अंशु** : अन्त्यमा, आफ्नो अमूल्य समय दिएर "मोलुङ ज्ञानप्रवाह" पत्रिकाको लागि महत्त्वपूर्ण ज्ञानवर्धक विचार प्रदान गरिदिनु भयो हामी यहाँप्रति आभारी छौं ।

**डा. त्रिपाठी** : मलाई पनि तपाईंहरूले आमन्त्रण गरेर आफ्ना विचार राख्ने अवसर दिनुभयो, पत्रिका परिवार र प्रकाशन संस्थाप्रति आभारी छु, हार्दिक धन्यवाद दिन्छु ।

मोलुङ फाउन्डेसनले बहुआयामिक ज्ञानको बाहक *मोलुङ ज्ञानप्रवाह* शीर्षकको शिक्षाप्रधान मासिक पत्रिका प्रकाशन गर्न लागेकोमा खुसी लागेको छ । यस पत्रिकाले बालबालिका र किशोर किशोरीलाई सिर्जनशील र जागरूक बनाउन सकोस् ।

बडादसैं २०७८ को अवसरमा हार्दिक मङ्गलमय शुभकामना !

क्याम्पस प्रमुख
तथा समस्त क्याम्पस परिवर
सुदूर पश्चिमाञ्चल क्याम्पस
धनगढी, कैलाली

मोलुङ फाउन्डेसनले बहुआयामिक ज्ञानको बाहक *मोलुङ ज्ञानप्रवाह* शीर्षकको शिक्षाप्रधान मासिक पत्रिका प्रकाशन गर्न लागेकोमा खुसी लागेको छ । यस पत्रिकाले बालबालिका र किशोर किशोरीलाई सिर्जनशील र जागरूक बनाउन सकोस् ।
बडादसैं २०७८ को अवसरमा हार्दिक मङ्गलमय शुभकामना !

प्राचार्य
तथा समस्त विद्यालय परिवार
सिद्धार्थ शिशुसदन, धनगढी, कैलाली

मोलुङ फाउन्डेसन
कोटेश्वर, काठमाडौँ, नेपाल
फोन नं. ०१ ४६००५९१
Email : molungfoundation@gmail.com
Website : www.molung.org.np